# अबिड्जान सिद्धान्तहरु

## नेपाली अनुवाद





सार्वजनिक शिक्षा प्रदान गर्न र
शिक्षामा निजी संलग्नताको नियमन गर्नका लागि
राज्यको मानव अधिकारको दायित्वसँग सम्बन्धित
मार्गदर्शक सिद्धान्तहरु

NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

www.AbidjanPrinciples.org
#AbidjanPrinciples




**सम्पादकः**
गौरी प्रधान
राम गैरे

**अनुवादकः**
सन्दिप सापकोटा
नविन श्रेष्ठ

**समन्वयः**
श्रद्धा कोइराला

**© एनसिई नेपाल**
अक्टोबर २०२०

**सहयोगः** OPEN SOCIETY FOUNDATIONS

**डिजाइन र उत्पादनः** ड्रिम ग्राफिक्स प्रेश

# विषयसूची

परिचय ........ ४

हस्ताक्षर ........ ६

अबिड्जान सिद्धान्तहरु ........ १०

सार्वजनिक शिक्षा प्रदान गर्न र शिक्षामा निजी संलग्नताको नियमन गर्नका लागि राज्यको मानव अधिकारको दायित्व सम्बन्धी मार्गनिर्देशनहरु ........ ११

प्रस्तावना ........ ११

१. सामान्य प्रावधान ........ १२

२. उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने दायित्व ........ १३

३. निजी संलग्नताको परिप्रेक्षमा शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने दायित्व ........ १९

४. वित्त व्यवस्थापन ........ २३

५. जवाफदेहिता, अनुगमन र उपचार ........ २६

६. मार्गदर्शक सिद्धान्तहरुको कार्यान्वयन र अनुगमन ........ २८

# परिचय

शिक्षा अधिकारको महत्वबारे विश्वव्यापी मतैक्यता पाइन्छ। राज्यहरुसँग सबैको लागि निःशुल्क, समावेशी, गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गरी शिक्षा अधिकारलाई पूरा गर्ने दायित्व रहेको हुन्छ। यो दायित्व मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ मा आधारित छ। साथै यसलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६ ले व्याख्या गरेको छ। यसैगरी शिक्षामा विभेदविरुद्ध युनेस्को महासन्धी १९६०, सबै प्रकारका जातीय विभेदविरुद्धको महासन्धी १९६५, महिलाविरुद्ध हुने सबैप्रकारका विभेदविरुद्धको महासन्धी १९७९, बालबालिकाको अधिकारसम्बन्धी महासन्धी १९८९, र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धी २००६ मा समेत यी दायित्वबारे थप उल्लेख र व्याख्या गरिएको छ। त्यस्तै, विभिन्न क्षेत्रीय मानव अधिकारसम्बन्धी महासन्धीहरु जस्तै मानव र जनअधिकारको अफ्रिकी वडापत्र १९८१, अमेरिकी राज्यहरुको संगठनको वडापत्र १९४८ र मानव अधिकार र आधारभूत स्वतन्त्रता संरक्षणको लागि युरोपेली महासन्धी १९५२ को आलेख (प्रोटोकल) १ साथै प्रायः देशका संविधान र विधायनद्वारा आन्तरिक कानूनी प्रणालीमा समेत यसबारे उल्लेख गरिएको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्य नं. ४ ले सबै छात्र र छात्रालाई १२ कक्षासम्मको निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक र माध्यमिक तहको शिक्षा सुनिश्चित गर्दै समावेशी र समतामूलक गुणस्तरीय शिक्षामा राज्यहरुको प्रतिवद्धतालाई सुदृढ गरेको छ। मानव अधिकारसम्बद्ध सन्धीहरुले शिक्षालाई स्थायीरुपले मानव व्यक्तित्वको पूर्ण विकासको अभिन्न पाटो, मर्यादा र स्वाभिमानको भावनाको रुपमा चित्रित गर्छन्। साथै शान्ति, लोकतन्त्र, पर्यावरणीय दिगोपना, नागरिकताको प्रवर्द्धन र अन्य मानव अधिकार प्राप्तिको लागि अभिन्न अंगको रुपमा समेत लिने गर्दछन्। शिक्षा अधिकार एउटा संकथन "स्वतन्त्र र फराकिलो रुपमा प्रवाहित हुने सुशिक्षित, प्रबुद्ध र सक्रिय दिमाग, मानव अस्तित्वको खुसी र उपहारमध्येको एक हो" मा आधारित छ, जहाँ शिक्षा एउटा सबल र गुणात्मक अधिकार हो जसले "सामाजिक र आर्थिक रुपमा सिमान्तकृत प्रौढ र बालबालिका आँफैमा गरिबीबाट माथि उठ्ने प्राथमिक साधनको" रुपमा भुमिका खेल्दछ (सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारहरुसम्बन्धी संयुक्त राष्ट्रसँघको समिति, सामान्य टिप्पणी १३, अनुच्छेद १)। समाजमा समानतारुपी शक्तिको रुपमा शिक्षाको यो बलियो र समावेशी दृष्टिकोण राज्यहरुले निर्माण गर्ने समतामूलक सार्वजनिक शिक्षा प्रणालीहरुमा भर पर्दछ।

अरु मानव अधिकारहरु जस्तै शिक्षा अधिकारसँग प्रासंगिक हुने मापदण्डहरु धेरै सन्धीहरु, न्यायीक र अर्धन्यायीक निर्णयहरु तथा अन्य कानूनी स्रोतहरुमा भेटिन्छन्। संयुक्त राष्ट्रसंघका मानव अधिकार सन्धी सम्बद्ध निकायका सामान्य टिप्पणीहरु र निर्क्यौलहरुमा निजी शिक्षाका परिवर्तित वास्तविकताहरु र बढ्दो चुनौतिहरुबारे उल्लेख गर्ने गरेको पाइन्छ। संयुक्त राष्ट्रसंघका समाधिक्षकहरुले समेत यसबारेमा विभिन्न प्रतिवेदनहरु बुझाएका छन्। साथै, यससँग सम्बन्धित क्षेत्रीय र आन्तरिक विधिशास्त्र पनि बढ्दो छ। मानव अधिकार कानूनको यो बृहत क्षेत्रबारे व्याख्या गर्नु चुनौतीपूर्ण हुनसक्छ विशेषगरी त्यहाँ, शिक्षा अधिकारका विभिन्न आयामहरुबीच सम्भावित द्धन्द निम्तिन्छ। मूख्य रुपमा, शिक्षामा निजी क्षेत्रको संलग्नतामा मानव अधिकारको ढाँचाको उपयोगमा सबैमा बिना भेदभाव निःशुल्क, गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नुपर्ने राज्यको दायित्व र निजी विद्यालय स्थापना गर्न तथा रोज्न पाउने स्वतन्त्रताबीचको सम्भावित द्वन्द्व रहेको हुन्छ। यो र अरु द्वन्द्व समेत विशेषगरी शिक्षाको बढ्दो निजीकरण र व्यवसायिकरणको सन्दर्भमा प्रायः शिक्षा नीतिबारेको बहसमा देखापर्छन्, जहाँ शिक्षा अधिकारलाई सम्मान, संरक्षण र पालना गर्नेभन्दा माथि निजी स्वार्थहरु नाफा कमाउनुलाई हेरिन्छ।

शिक्षा अधिकारलाई सम्मान, संरक्षण र पालना गर्ने सुस्थापित राज्यका दायित्वहरुको दृढतामा स्थापित रहेर अबिड्जान सिद्धान्तहरुले राज्यलाई उल्लेखित यि द्वन्द्वहरु सम्बोधन र समाधान गर्ने उपाय तथा सन्दर्भ बिन्दूहरु प्रदान गर्छन्। शिक्षा अधिकारका विभिन्न आयामहरुले तत्कालै कार्य खोज्छन् र अझ प्रगतिशिल चेतनासम्बद्ध आयाम राज्यहरुले त्याग्दै आफ्ना दायित्व पूरा गर्न उपलब्ध स्रोत साधनहरुको अधिकतम परिचालन गर्नुपर्नेमा जोड दिन्छन्। अबिड्जान सिद्धान्तहरुले राज्यले यी दायित्वहरु निभाउँदै गर्दा निःशुल्क, समतामूलक र समावेशी शिक्षा अधिकार अथवा समानता र भेदभावविरुद्धको अधिकारलाई कमजोर पार्ने गरी निजी विद्यालय खोल्ने र सञ्चालन गर्ने स्वतन्त्रता प्रदान गर्नु हुँदैन भन्ने ढाँचा प्रष्ट पार्छन्। यी सिद्धान्तहरुले सबैको लागि निःशुल्क, गुणस्तरीय शिक्षा प्रणाली स्थापना गर्नुपर्ने राज्यको दायित्वलाई प्रष्ट पारेका छन्। यिनले निजी क्षेत्रलाई नियमन गर्ने, शिक्षा अधिकार उल्लंघन गर्ने पूरक निजी प्रावधानलाई सिमित तुल्याउने राज्यको दायित्व स्पष्ट पार्दै शिक्षामा संलग्न हुने सबै सहभागीहरु शिक्षा अधिकार प्राप्तिको साझा लक्ष्यप्रति समर्पित हुने कुरा सुनिश्चित गर्दछन्।

अझ जटिल बन्दै गइरहेको विश्व परिवेशमा अबिड्जान सिद्धान्तहरुले शिक्षा अधिकार प्राप्तिको आफ्नो दायित्व पूरा गर्न अग्रसर राज्य तथा त्यसो गर्न उद्दत राज्यलाई जवाफदेही बनाउनेहरु समेतको लागि  सवल सन्दर्भ बिन्दू प्रदान गर्दछन्।

# प्रकृया

अबिड्जान सिद्धान्तहरुको विकासमा सहयोग गर्न सन् २०१५ देखि नै विभिन्न शिक्षासम्बद्ध सरोकारवालाहरु विविध सन्दर्भका तथ्यहरु प्रतिबिम्बित गर्न र भिन्न दृष्टिकोण समावेश गर्न खुला, पारदर्शी र फराकिलो परामर्शीय प्रकृयाद्वारा सँगै काम गरिरहेका छन् । सन् २०१६ देखि २०१८ बीचमा विविधखाले सरोकारवालाहरुलाई साथमा ल्याएर क्षेत्रीय, राष्ट्रिय र विषयगत परामर्शहरु साथै विश्वव्यापी अनलाइन परामर्शहरु समेत सञ्चालन गरियो । एम्नेस्टि इन्टरनेशनल, द इक्वल एजुकेशन ल सेन्टर, द ग्लोबल इनिसिएटिभ फर इकोनोमिक, सोसियल एण्ड कल्चरल राइट्स, द इनिसिएटिभमा संलग्न रहेको सचिवालयले परामर्शीय प्रक्रियालाई सहजीकरण गरियो ।

अबिड्जान सिद्धान्तहरुको विकास प्रकृयाले सबै ईच्छुक सरोकारवालाका सुझाव र विभिन्न पृष्ठभूमीका मानिसहरु-मानव अधिकार अभियानको शिक्षाका विज्ञहरु, अभ्यासकर्ताहरु र प्रभावित समुदायहरुका साथै विभिन्न भौगोलिक क्षेत्रहरु पनि समेटेको छ ।

अबिड्जान सिद्धान्तहरु बारे जानकारी गराउन परामर्शहरुका अलावा अवधारणागत र अनुभवका अनुसन्धान सञ्चालन गरिएका थिए । धेरै सुझावहरु मध्ये विज्ञहरुले तल उल्लेखित विषयबाट लिएका थिएः

- शिक्षा अधिकारमा विभिन्न स्वरुपका शिक्षा शासनका तरिकाको असरबारे जाँच्ने बृहत अनुभवका अनुसन्धान;
- शिक्षामा निजी क्षेत्रको संलग्नताबारे मानव अधिकारसम्बद्ध निकायको निष्कर्षगत अवलोकनहरुको समीक्षा;
- ४ वटा मानव अधिकार परिषद्का प्रतिज्ञाहरु;
- शिक्षामा निजी क्षेत्रहरुसम्बन्धी निर्णय विधिबारे अध्ययनको सारांश;
- अबिड्जान सिद्धान्तका अति अप्ठ्यारा अवधारणामा छलफल गर्ने र मस्यौदा समितिमा रहेका सदस्य समेत रहेका बिशेषज्ञहरुले लेखेका सात वटा पृष्ठभूमी सम्बद्ध दस्तावेजहरु लगायत प्राज्ञिक लेखहरु ।

अबिड्जान सिद्धान्तहरुको विषयवस्तु २०१८ मा विश्वभरका प्रबुद्ध स्वतन्त्र विज्ञहरुको समूहले परिभाषित गरेर टुङ्ग्याएको र २०१९ फेब्रुअरी १३ मा अबिड्जानमा सम्पन्न सम्मेलनमा यसलाई अंगिकार गरिएको हो । अंगिकार गर्नुअघि ९ सदस्यीय मस्यौदा समितिले विभिन्न परामर्श र अन्य अनुसन्धानका सामग्रीहरुमा आधारित पहिलो मस्यौदा तयार पार्‍यो । मस्यौदा समितिका सदस्यहरु निम्नानुसार रहेका छन् ।

मस्यौदाले धरातलीय यथार्थलाई सम्बोधन गर्ने र विभिन्न क्षेत्रका ज्ञानलाई समेट्ने कुराको सुनिश्चितताको लागि अन्य गैरकानूनी विज्ञहरुसँग समेत परामर्श गरिएको थियो ।

# कृतज्ञता

सार्वजनिक शिक्षा प्रदान गर्न र शिक्षामा निजी संलग्नताको नियमन गर्नका लागि राज्यको मानव अधिकारप्रतिको दायित्व सम्बन्धी अबिड्जान सिद्धान्तहरु समुदायहरु, अभिभावकहरु, बालबालिकाहरु, शैक्षिक विज्ञहरु, र राज्यहरुको विज्ञता र सुझावबाट तथा उनीहरुको जीवन्त अनुभवहरुको प्रतिक्रियाबाट विकास भएका हुन् । यी सिद्धान्तहरु अंगिकार गर्ने विज्ञहरुले विषयवस्तुको बुझाईमा आकार दिन ठूलो भूमिका खेलेका धेरै सरोकारवालाहरुको सक्रिय सहभागिता र परामर्शबाट सिद्धान्तहरुको विकास गरेका हुन् । शिक्षा अधिकार प्राप्तीमा निजी क्षेत्रको प्रभाव तथा सार्वजनिक शिक्षा प्रदानमा राज्यले खेल्न सक्ने भूमिकाको अनुभव गरेका नागरिक समाज, अभिभावकहरु, बालबालिकाहरु, शिक्षक र गैरशिक्षक कर्मचारी, निजी क्षेत्र र राज्यहरु लगायतका शिक्षा क्षेत्रका मुख्य निजी क्षेत्रसम्म पुग्न प्रयासहरु गरिएको थियो ।

यो प्रकृया निम्न उल्लेखित व्यक्तिहरुबाट सञ्चालन गरिएको हो जसले परामर्शहरु आयोजना गर्ने, सुझावहरु विश्लेषण गर्ने, पृष्ठभूमिबारे अनुसञ्धान गर्ने र बौद्धिक खुराक प्रदान गर्ने काम गरेः

- साइलभ्यान अबुरी, ग्लोबल इनिसिएटिभ फर इकोनोमिक, सोसियल एण्ड कल्चरल राइट्स
- डेल्फाइन डोर्सि, राइट टु एजुकेशन इनिसिएटिभ
- डेनियल लिन्डे, इक्वल एजुकेशन ल सेन्टर

- सालिमा नामुसोब्या, इनिसिएटिभ फर सोसियल एण्ड इकोनोमिक राइट्स
- सोलोमन साक्को, एम्नेस्टि इन्टरनेशनल

यसको मूलपाठमा परामर्शदातृ जुसाना निट्रेले टिप्पणी र स्रोतमा गरेको अनुसन्धान तथा अशिना सुमि (ग्लोबल इनिसिएटिभ फर इकोनोमिक, सोसियल एण्ड कल्चरल राइट्स) को समेत योगदान रहेको छ।

साथै, मूलपाठमा सात वटा पृष्ठभूमीका कार्यपत्रहरुको पनि योगदान छ, जसमा सेन्ड्रा फ्रेडम्यान, जोआना हर्मा, ज्याकलिन मोब्रे, लिन्डा ओ, फन्टडेभिला, माउरो मोस्चेति, आन्टोनि भर्गर (नोआ, म्यागडालेन सेपुलभेद र रोमन जिनीग्राड संलग्न छन्) ।

समग्र प्रकृयामा युनेस्को र दी इन्स्टिच्यूट डे ला फ्रान्कोफोन पोर लेइजुकेशन एट ला फर्मेसन अफ फ्रान्कोफोन अर्गनाइजेसनका सुभ्फाव, विज्ञता र बैठक आयोजनामा तिनको सहयोगको योगदान रहेको छ। टम लोएन्थालले प्रतिलिपि सम्पादन गरेका हुन्। परामर्शदातृडु बोस र हेलेन ट्रानले फ्रेन्च भाषामा अनुवाद र प्रतिलिपि सम्पादन गरेका हुन्।

**थप जानकारी**

थप जानकारी र सामग्रीका लागि, https://www.abidjanprinciples.org/ हेर्नुहोस्।

# हस्ताक्षर

## मस्यौदा समिति

अन्तर्राष्ट्रिय रुपमा सुप्रसिद्ध ९ विशेषज्ञहरुको मस्यौदा समितिद्वारा मस्यौदा प्रकृयाको नेतृत्व गरिएको हो र यसमा अन्य विशेषज्ञहरुसँगको परामर्शबाट आएका टिप्पणी पनि सम्मिलित छन् । यि विशेषज्ञहरु आफ्नो व्यक्तिगत हैसियतमा मस्यौदा समितिका सदस्यहरुको रुपमा अबिड्जान सिद्धान्तहरुको विस्तारको सहजीकरणमा भूमिका निर्वाह गर्दछन्। लेखकहरुको नामसँग सूचीबद्ध संस्थाहरु यी संस्थाहरुले दिएका टिप्पणीको समर्थन गर्न नभई पहिचानको उद्देश्यका लागि हो।

- प्रोफेसर ऐन स्केल्टन, (मस्यौदा समितिका अध्यक्ष) (साउथ अफ्रिका; प्रोफेसर अफ ल, युनिर्भसिटि अफ प्रेटोरीया; युनेस्को चेयर फर एजुकेशन ल इन एफ्रिका; मेम्बर अफ द युएन कमिटि अन द राइट्स अफ द चाइल्ड)
- प्रोफेसर एओइफ नोलन (आएरल्याण्ड; प्रोफेसर अफ इन्टरनेशनल ह्युमन राइट्स ल, युनिर्भसिटि अफ नटिङघम; मेम्बर अफ द काउन्सिल अफ युरोप युरोपियन कमिटि अफ सोसियल राइट्स)
- डा. ज्याकलिन मोब्रे (अष्ट्रेलिया; असोसिएट प्रोफेसर, युनिर्भसिटि अफ सिड्नि ल स्कुल; एक्सटर्नल लिगल एड्भाइजर, अष्ट्रेलियन पार्लियामेन्ट्स जोइन्ट कमिटि अन ह्युमन राइट्स)
- जएना कोठारी (इन्डिया; इन्डिपेन्डेन्ट; को - फाउन्डर एण्ड एक्जिक्युटिभ डाइरेक्टर, सेन्टर फर ल एण्ड पोलिसि रिर्सच; काउन्से ल, कर्नाटक हाई कोर्ट एण्ड सुप्रिम कोर्ट अफ इन्डिया)
- डा. मेगडलेना सुपेलुभेदा (चिलि; इन्डिपेन्डेन्ट; फर्मर युएन स्पेशल रापोर्टर अन एक्स्ट्रिम पोर्भटि; मेम्बर अफ द इन्डिपेन्डेन्ट कमिसन फर दि रिर्फम अफ इन्टरनेशनल कर्पोरेट ट्याक्सेसन )
- डा. मारिया स्मीर्नोवा (रसिया; इन्डिपेन्डेन्ट; हनरेरी रिर्सच फेलो, म्यानचिस्टर इन्टरनेशनल ल सेन्टर, युनिर्भसिटि अफ म्यानचिस्टर)
- रोमन जिनिग्रेड (इजरायल; जे.एस.डि. क्यान्डिडेट, युनिर्भसिटि अफ येल; भिजिटिङ फेलो, साइन्स पो ल स्कुल)
- प्रोफेसर सेन्ड्रा फ्रेडम्यान (साउथ अफ्रिका; प्रोफेसर अफ द ल अफ द ब्रिटिस कमन वेल्थ एण्ड द यु एस ए, युनिर्भसिटि अफ अक्सफोर्ड; डाइरेक्टर, अक्सफोर्ड ह्युमन राइट्स हब; हनरेरी क्वियन काउन्सेल)
- सेन्ड्रा इपल रेटजेन (फ्रान्स; इन्डिपेन्डेन्ट; इन्टरनेशनल एड्भोकेशि डाइरेक्टर, फ्रान्सिस्कन्स इन्टरनेशनल)

# हस्ताक्षरकर्ताहरु

२०१९ फेब्रुअरी १३ मा कोटेभ्वा मा भएको सम्मेलनमा अन्तर्राष्ट्रिय कानून र मानव अधिकारका प्रबुद्ध विशेषज्ञहरुको एक समूहले सार्वजनिक शिक्षा प्रदान गर्न र शिक्षामा निजी संलग्नताको नियमन गर्नका लागि राज्यको मानव अधिकारको दायित्वसम्बन्धी अबिड्जान सिद्धान्तहरु अंगिकार गरेको थियो। अन्तिम बैठकमा मस्यौदा गर्नुबाहेक विशेषज्ञहरुले पृष्ठभूमी अनुसन्धान, समीक्षा वा टिप्पणीमार्फत् योगदान पुऱ्याएका छन्। विज्ञहरु विश्वका विभिन्न क्षेत्रमा रहेका विश्वविद्यालय र संगठनहरुबाट आएका छन्, जसमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धी निकायका वर्तमान र पूर्व सदस्यहरु, न्यायालयका सदस्यहरु तथा संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद्का वर्तमान र पूर्व विशेष समाधिक्षकहरु समेत छन्।

यी विशेषज्ञहरु आफ्नो व्यक्तिगत हैसियतमा काम गर्छन्। लेखकहरुको नामसँग सूचीबद्ध संस्थाहरु यी संस्थाहरुले दिएका टिप्पणीको समर्थन गर्न नभई पहिचानको उद्देश्यका लागि हो।

पर्याप्त कानूनी अनुसन्धानमा आधारित भई अबिड्जान सिद्धान्तहरु अंगीकरण गर्न हस्ताक्षर गर्ने विशेषज्ञहरु निम्नानुसार उल्लेख गरिएका छन्: हस्ताक्षर कर्ताको पछिल्लो सूची: https://www.abidjanprinciples.org/en/support/signatories मा हेर्न सकिन्छ।

| | पहिलो नाम | अन्तिम नाम | संस्था र भूमिका | देश |
|---|---|---|---|---|
| १ | फ्रान्क | एडाम्सन | शिक्षा नेतृत्व र नीति अध्ययनको सहायक प्राध्यापक, क्यालिफोर्निया राज्य विश्वविद्यालय, साक्रामेण्टो | संयुक्त राज्य अमेरिका |
| २ | फिलिप | एलस्टन | चरम गरिबी र मानव अधिकारका लागि संयुक्त राष्ट्रसंघको विशेष समाधिक्षक, जोन नोर्टन पोमेरो प्रोफेसर अफ ल, न्यूयोर्क युनिभर्सिटी अफ ल | अष्ट्रेलिया |
| ३ | बोले | बेरी कोउम्बा | शिक्षा अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको विशेष समाधिक्षक | बुर्किना फासो |
| ४ | लेलीओ | वेन्टेस कोरिए | ब्राजिलकोश्रमसम्बन्धी उच्च अदालतको न्यायाधिशस अन्तर ाष्ट्रिय श्रम संगठनको महासन्धी कार्यान्वयन र सिफारिस गर्ने विशेषज्ञ समूहको सदस्य | ब्राजिल |
| ५ | जोआना | बुर्के-मार्टिग्नोनी | ग्राजुएट इन्स्टिच्यूट जेनेभाको जेन्डर सेन्टरमा अनुसन्धानकर्ता | स्वीट्जरल्याण्ड |
| ६ | भर्जिनीया | ब्रास गोम्स | संयुक्त राष्ट्रसंघको सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिको पूर्व प्रमुख एवं वरिष्ठ सामाजिक नीति सल्लाहकार | पोर्चुगल |
| ७ | आएन | ब्राइन | आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अनुसन्धानकर्ता र वकिलस एसेक्स विश्वविद्यालय, मानव अधिकार केन्द्रको फेल्लो | संयुक्त अधिराज्य |
| ८ | जोसुआ | कास्टेलिनो | कानूनको प्रोफेसर र स्कूल अफ ल तथा बिजनेस स्कूलको पूर्व डिन, मिडलेक्स विश्वविद्यालय, लण्डन | भारत |
| ९ | फर्नाण्डो | क्यासिओ | फेडेरल युनिभर्सिटी अफ एविसि को सहायक प्राध्यापक, सान्टो आन्द्रे, ब्राजिल | ब्राजिल |
| १० | लिलियन | चेन्वी | कानूनको प्राध्यापक, विटवाटरस्राण्ड विश्वविद्यालय,दक्षिण अफ्रिका | दक्षिण अफ्रिका |
| ११ | फन्स | कोमन्स | मानव अधिकारको प्राध्यापकस म्यास्ट्रिच विश्वविद्यालयको मानवअधिकार र शान्तिमा युनेस्को प्रमुख | नेदरल्याण्ड्स |

|  | पहिलो नाम | अन्तिम नाम | संस्था र भूमिका | देश |
|---|---|---|---|---|
| १२ | क्लाउस | डिबेइटर | नर्थ-वेस्ट युनिभर्सिटीमा कानूनको सहायक प्राध्यापकस मास्क प्लाङ्क इन्स्टिच्युट फर इनोभेसन एण्ड कम्पिटिसन, म्युनिखमा एसो सिएटेड रिसर्च फेलो, अब्जर्भेटरी म्याग्ना कार्टा युनिभर्सिटाटम वो लोङ्गाका राजदूत | दक्षिण अफ्रिका |
| १३ | ओलिभिर | डि स्चुटर | खाद्यसम्बन्धी अधिकारबारे संयुक्त राष्ट्रसंघको पूर्व समाधिक्षक-२००८(२०१४)स प्राध्यापक, यूसि लोभेन एण्ड साइन्स पो | बेल्जियम |
| १४ | सुर्या | देवा | सहायक प्राध्यापक, सिटी युनिभर्सिटी अफ हङकङ | चीन |
| १५ | सान्ड्रा | इपाल रातजेन | स्वतन्त्र अनुसन्धानकर्ता | फ्रान्स |
| १६ | सान्ड्रा | फ्रेडम्यान | रोड्स प्रोफेसर अफ द लज अफ द ब्रिटिस कमनवेल्थ एण्ड द यूएसए, युनिभर्सिटी अफ अक्सफोर्ड | दक्षिण अफ्रिका |
| १७ | जेम्स | गोल्डस्टोन | कार्यकारी निर्देशक, ओपन सोसाइटी जस्टिस इनिसिएटिभ | संयुक्त राज्य अमेरिका |
| १८ | जोएना | हर्मा | स्वतन्त्र अनुसन्धानकर्ता | फिनल्याण्ड |
| १९ | इस्टेबेन | होयोससेवालस | प्रोफेसर अफ ल, ईएएफआईटी युनिभर्सिटी ल स्कूल | कोलम्बिया |
| २० | इब्राहिमा | केन | वकिल, सेनेगल र फ्रान्स | सेनेगल |
| २१ | जेम्सिना इसे एल | किङ्ग | सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारको कार्य समूह (वर्किङ्ग ग्रुप)को प्रमुख एवं मानव र जनअधिकारको अफ्रिकीआयागको आयुक्त | सियरा लियोन |
| २२ | डेभिड | किन्ले | प्रोफेसर, मानव अधिकार कानून प्रमुख, सिड्नी ल स्कूल, युनिभर्सिटी अफ सिड्नी | आयरल्याण्ड |
| २३ | जयना | कोठारी | कन्सुल, कर्नाटका उच्च अदालत र भारतको सर्वोच्च अदालत | भारत |
| २४ | क्रिस्टोफर | लुवेनेस्की | इण्डियाना युनिभर्सिटीमा शिक्षा नीतिको प्राध्यापक | संयुक्त राज्य अमेरिका |
| २५ | मार्टा | माउरस पेरेज | यूनीटाड कार्यकारी बोर्डको प्रमुखस संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय संघसंस्था तथा कन्फेरेन्स अन डिसआर्मामेन्टका लागि चिलीको पूर्व स्थायी प्रतिनिधी र राजदूत, बालबालिकाको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितको पूर्व उपप्रमुख | चिली |
| २६ | सिमोन | म्याकग्राथ | अन्तर्राष्ट्रिय शिक्षा र विकासमा युनेस्को प्रमुख | आयरल्याणड |
| २७ | अर्चना | महेन्दाल | एडजङ्कट अनरेरी प्रोफेसर, सेन्टर फर इजुकेशन इनोभेसन एण्ड एक्सन रिसर्च, टाटा इन्स्टिच्यूट अफ सोसल साइन्सेज | भारत |
| २८ | एन्जिला | मेलचिओरी | एकेडेमिक कोअर्डिनेटर अफ अनलाइन प्रोग्राम्स, ग्लोबल क्याम्पस अफ ह्युमन राइट्स | इटाली |
| २९ | म्यारी | मेटकाल्फ | सिनियर रिसर्च एसोसिएट, युनिभर्सिटी अफ जोहान्सवर्ग | दक्षिण अफ्रिका |
| ३० | जाकलिन | मोब्रे | एसोसिएट प्रोफेसर, युनिभर्सिटी अफ सिड्नी ल स्कूल | अष्ट्रेलिया |
| ३१ | विनोटा | मोय धामी | स्वतन्त्र अनुसन्धानकर्ता | बंगलादेश |
| ३२ | लिदिया | मुगाम्बे | न्यायधीश | युगाण्डा |
| ३३ | मोसेज | नगवार | अफ्रिकन पपुलेसन तथा हेल्थ रिसर्च सेन्टरको शिक्षा तथा युवा सशक्तिकरण इकाईको नेता तथा बरिष्ठ अनुसन्धान वैज्ञानिक | केन्या |

| | पहिलो नाम | अन्तिम नाम | संस्था र भूमिका | देश |
|---|---|---|---|---|
| ३४ | एओफ | नोलान | अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको प्राध्यापक, युनिभर्सिटी अफ नटिङ्घमस सदस्य, युरोपेली परिषद्, सामाजिक अधिकारको युरोपियन समिति | आयरल्याण्ड |
| ३५ | म्यानफ्रेड | नोवाक | भियना युनिभर्सिटीमा मानव अधिकारको प्राध्यापकस मानव अधिकारको ग्लोबल क्याम्पसको महासचिवस स्वतन्त्र हुन नसके का बालबालिकाको यूएन ग्लोबल स्टडीको स्वतन्त्र विशेषज्ञ लिडर | अष्ट्रिया |
| ३६ | चिडी | ओडिन्कालु | नाइजेरियाको राष्ट्रिय मानव अधिकार आयोगको पूर्वप्रमुख | नाइजेरिया |
| ३७ | गडफ्रे | ओडोङ्गा | सदस्य, सल्लाहकार बोर्ड, अन्तर्राष्ट्रिय बालबालिकाको अधिकार मा विशिष्ट अध्ययनको एलएलएम कार्यक्रम, लिडेन युनिभर्सिटी | केन्या |
| ३८ | लाउरा सि | पौटासि | पिएचडी, अनुसन्धानकर्ता,कन्सेजो दि इन्भेस्टिगासिओन्स साइन्टिफिकासि टेक्निकासस प्राध्यापक, युनिभर्सिटी अफ व्यूनो अरिजरयूबिए ल स्कूल, व्यूनो अरिज | अर्जेन्टिना |
| ३९ | जेरेमि | पेरेलम्यान | एसोसिएट प्रोफेसर र क्लिनिकल कार्यक्रमको निर्देशक, साइन्स पो ल स्कूल, पेरिस | फ्रान्स |
| ४० | गौरी | प्रधान | राष्ट्रिय मानव अधिकार आयोग, नेपालका पूर्व आयुक्त | नेपाल |
| ४१ | मरभाट | रिसमावी | मानव अधिकार परामर्शदातास सिनियर रिसर्च एण्ड पलिसि एनालिस्ट, मिडल इस्ट एण्ड नर्थ अफ्रिका स्पेसलिस्ट | प्यालेस्टाइन |
| ४२ | क्लारा | सान्डोभाल | प्रोफेसर, स्कूल अफ ल/मानव अधिकार केन्द्र, युनिभर्सिटी अफ एसेक्स | कोलम्बीया |
| ४३ | बेन्जामिन | साउल | अन्तर्राष्ट्रिय कानूनको चल्लिस चेयर, युनिभर्सिटी अफ सिड्नी चे यर अफ अष्ट्रेलियन स्टडिज, हार्भड ल स्कूलस एसोसिएट फेलो, रोयल इन्स्टिच्यूट अफ इन्टरनेशनल अफेयर्स इन लण्डन | अष्ट्रेलिया |
| ४४ | आयन | सेइडरम्यान | कानूनी तथा नीति निर्देशक, अन्तर्राष्ट्रिय न्यायशास्त्री आयोग (इन्टरनेशनल कमिसन अफ जुरिष्ट्स) | स्वीट्जरल्याण्ड |
| ४५ | मागडालेना | सेपुलभेदा | चरम गरिबीसम्बन्धी यूएनको पूर्व समाधिक्षकस सदस्य, अन्तर ाष्ट्रिय कर्पोरेट कर सुधारका लागि स्वतन्त्र आयोग | चिली |
| ४६ | इटा | सिहि | शिक्षा विशेषज्ञ | आयरल्याण्ड |
| ४७ | हेइसो | शिन | सदस्य, संयुक्त राष्ट्रसंघको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समिति | रिपब्लिक अफ कोरिया |
| ४८ | अन | स्केल्टन | कानूनको प्राध्यापक, युनिभर्सिटी अफ प्रिटोरियास अफ्रिकामा शिक्षा कानूनसम्बन्धी युनेस्को प्रमुखस बालबालिकाको अधिकारसम्बन्धी राष्ट्रसंघीय समितिको सदस्य | दक्षिण अफ्रिका |
| ४९ | मारिया | स्मिरनोभा | मानार्थ अनुसन्धानकर्ता, म्यान्चेस्टर इन्टरनेशनल ल सेन्टर, युनिभर्सिटी अफ म्यान्चेस्टर | रुस |
| ५० | प्राची | श्रीवास्तव | सहायक प्राध्यापक, युनिभर्सिटी अफ वेस्टर्न ओण्टोरियोस एडजङ्क्ट प्राध्यापक, स्कूल अफ इन्टरनेशनल डेभलपमेण्ट एण्ड ग्लोबल स्टडिज, युनिभर्सिटी अफ ओटावास भिजिटिङ्ग सिनियर रिसर्च फे लो, सेन्टर फर इन्टरनेशनल एजुकेशन, युनिभर्सिटी अफ ससेक्स | क्यानडा |

| | पहिलो नाम | अन्तिम नाम | संस्था र भूमिका | देश |
|---|---|---|---|---|
| ५१ | मानिसुली | सेन्योन्जो | अन्तर्राष्ट्रिय कानून र मानव अधिकारको प्राध्यापक, ब्रुनेल युनिभर्सिटी लण्डन | युगाण्डा |
| ५२ | गिता | स्टेनर(खाम्सी | प्राध्यापक, टिचर्स कलेज, कोलम्बिया युनिभर्सिटी (न्यूयोर्क) र ग्राजुएट इन्स्टिच्यूट अफ इन्टरनेशनल स्टडिज (जेनेभा) | संयुक्त राज्य अमेरिका र स्वीट्जरल्याण्ड |
| ५३ | फरानज | भेरियाभा | शिक्षा अधिकार कार्यक्रम प्रमुख, सेक्सन २७स युनिभर्सिटी अफ प्रिटोरियामा लेक्चरर | दक्षिण अफ्रिका |
| ५४ | नेसा | जिम्मरम्यान | एम ल, एल एल एम, युनिभर्सिटी अफ जेनेभा | स्वीट्जरल्याण्ड |
| ५५ | रोमन | जिनिग्राड | जेडिएस उम्मेदवार, येल ल स्कूलस साइन्सेज पो ल स्कूलमा भिजिटिङ्ग फेलो | इजरायल |

# अबिड्जान सिद्धान्तहरु

## दश विस्तृत सिद्धान्तहरु

सार्वजनिक शिक्षा प्रदान गर्न र शिक्षामा निजी संलग्नताको नियमन गर्नका लागि राज्यको मानव अधिकार दायित्व सम्बन्धी अबिड्जान सिद्धान्तहरु ९७ मार्गदर्शक सिद्धान्तहरुबाट निर्माण भएका हुन् । यसका अलावा, १० विस्तृत सिद्धान्तहरुले मार्गदर्शक सिद्धान्तको समीक्षा र सारांश प्रदान गर्छन् । १० विस्तृत सिद्धान्तहरु मार्गदर्शक सिद्धान्तको संयोजनको रुपमा वा यी पूर्ण अबिड्जान सिद्धान्तसँगै एकरुपमा अंगीकरण गरिएका हुन् ।

**विस्तृत सिद्धान्त** १. राज्यले समानता र विभेद रहितको अधिकारका आधारमा आफ्नो अधिकार क्षेत्र भित्रका सबैको शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्नुपर्दछ ।

**विस्तृत सिद्धान्त** २. राज्यले आफ्नो अधिकार क्षेत्र भित्रका सबैको लागि उच्चतम रुपमा हासिल गर्न सकिने गुणस्तरीय निःशुल्क, सार्वजनिक शिक्षा आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ प्रभावकारी ढंगले र सकेसम्म शीघ्र प्रदान गर्नुपर्दछ ।

**विस्तृत सिद्धान्त** ३. राज्यले आफ्ना बालबालिकाहरुका लागि सार्वजनिक शैक्षिक संस्थाबाहेक कुनै पनि शैक्षिक संस्था छनौट गर्न आमाबाबु वा कानूनी अभिभावकको स्वतन्त्रताको सम्मान गर्नुपर्दछ, साथै निजी शैक्षिक संस्थाहरु स्थापना र निर्देशन गर्न व्यक्ति र निकायहरु स्वतन्त्र भएपनि त्यस्ता निजी शैक्षिक संस्थाहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतको आफ्नो दायित्वअनुरुप राज्यद्वारा स्थापित मापदण्डहरु अनुसारको हुनुपर्दछ ।

**विस्तृत सिद्धान्त** ४. राज्यले शिक्षा अधिकारको वोध सुनिश्चित गर्न सबै प्रभावकारी कदमहरु चाल्नुपर्दछ, विशेष गरी प्रभावकारी नियमक उपायहरुको अंगीकरण र कार्यान्वयन गर्नुपर्दछ जहाँ निजी क्षेत्रहरु शिक्षाको प्रावधानमा संलग्न छन् ।

**विस्तृत सिद्धान्त** ५. राज्यले निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षाको कोष र प्रावधानलाई प्राथमिकता दिनुपर्दछ र केवल योग्य निजी नियमन शैक्षिक संस्थाहरुलाई मात्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कर कटौती, जग्गाको उपलब्धता, अन्तर्राष्ट्रिय सहयोग र सहकार्य, वा अप्रत्यक्ष सहयोगका अन्य रुपहरु मार्फत वित्तीय सहयोग गर्नुपर्दछ, नियामक शैक्षिक संस्थाले उपयुक्त मानव अधिकार कानून, मापदण्डहरु र सबै ठोस, प्रकृयागत र परिचालनका आवश्यकताहरुको कडाइका साथ पालना गर्दछन् ।

**विस्तृत सिद्धान्त** ६. अन्तर्राष्ट्रिय सहायता र सहयोग जहाँ प्रदान गरिएको छ, त्यहाँ निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रणालीको निर्माणलाई सुदृढ गर्नुपर्दछ, र मानव अधिकारसँग मेल नखाने निजी शैक्षिक संस्थाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नबाट रोक्नुपर्दछ ।

**विस्तृत सिद्धान्त** ७. राज्यले शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने आफ्नो दायित्वका साथै निजी क्षेत्रहरुको शिक्षामा संलग्नताको

परिप्रेक्षमा आफ्नो दायित्वका लागि आफू जवाफदेही रहने कुरा सुनिश्चित गर्न पर्याप्त संयन्त्र बनाउनु पर्दछ।

**विस्तृत सिद्धान्त ८.** राज्यले सार्वजनिक र निजी संस्थाहरुको शिक्षा अधिकारको अनुपालनमाथि नियमित रुपमा अनुगमन गर्नुपर्दछ र सो अधिकारसँग सम्बन्धित सबै सार्वजनिक नीति र अभ्यासहरु मानव अधिकारका सिद्धान्तहरुका आधारमा छन् भन्ने सुनिश्चित गर्नुपर्दछ।

**विस्तृत सिद्धान्त ९.** राज्यले शिक्षा अधिकारको उल्लंघन र शिक्षामा संलग्न निजी क्षेत्रबाट हुन सक्ने कुनै पनि मानव अधिकार दुरुपयोगका लागि प्रभावकारी समाधानको पहुँच सुनिश्चित गर्नुपर्दछ।

**विस्तृत सिद्धान्त १०.** राज्यले सबै उपयुक्त माध्यमद्वारा, आवश्यक कानूनी र बजेटरी सुधार समेत लागू गर्ने गरी यी मार्गदर्शक सिद्धान्तहरुको प्रभावकारी कार्यान्वयनको प्रत्याभूति गर्नुपर्दछ।

# सार्वजनिक शिक्षा प्रदान गर्न र शिक्षामा निजी संलग्नताको नियमन गर्नका लागि राज्यको मानव अधिकारको दायित्व सम्बन्धी मार्गनिर्देशनहरु

यो पाठको मूल प्रति अंग्रेजी र फ्रेन्च भाषामा रहेका छन्।

## प्रस्तावना

शिक्षा अधिकार आँफैमा मानव अधिकार मात्र हैन, तर एउटा सशक्तिकरण, गुणक र रुपान्तरणकारी अधिकार हो। यसले शिक्षा अधिकार, शिक्षामा अधिकार, र शिक्षामार्फतका अधिकारलाई समेट्छ। शिक्षाले व्यक्तिको शारीरिक, मानसिक, अध्यात्मिक, नैतिक, र सामाजिक विकासलाई अगाडी बढाउन तथा मानव अधिकारको सम्मान गर्दै अभिभावक, परिवार, र समुदायको लागि सामाजिक र साँस्कृतिक मूल्य प्रवाह गर्न अत्यावश्यक भूमिका खेल्छ। शिक्षाले सार्वजनिक वस्तु प्राप्त गर्न र स्वस्थ, खुला, पारदर्शी, सहनशील, न्यायपूर्ण, विभेद रहित र समावेशी समाज विकास गर्न र कायम राख्न योगदान पुऱ्याउँछ, जसले मानव अधिकार प्राप्तिका लागि अनुकूल वातावरण प्रदान गर्दछ। यो विशेषगरी जोखिममा परेका, सिमान्तकृत, वञ्चित समूहका साथै आदिवासी, बालिका र महिला, अल्पसंख्यक, अपांगता भएका व्यक्ति र गरिबीमा रहेका व्यक्तिका लागि महत्वपूर्ण छ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले राज्यले गुणस्तरीय सार्वजनिक शिक्षा दिनुपर्ने आवश्यक ठान्छ र यसले निजी क्षेत्रलाई शैक्षिक विकल्पको प्रस्ताव गर्ने ठाउ खुला राख्छ। तर राज्यहरुले शिक्षा अधिकार कुण्ठित नपारिएको सुनिश्चित गरेर शिक्षामा निजी संलग्नतालाई कडाइका साथ नियमन गर्नुपर्छ। उनीहरुले निजी शिक्षा सार्वजनिक मापदण्डसँग मिल्दो भएको सुनिश्चित गर्नुपर्छ, निजी शिक्षाको उपस्थितीले राज्यको शिक्षा अधिकार प्रत्याभूतिकर्ताको भूमिकामा असर पार्नु हुँदैन, असमानता वा अन्याय बढाउन प्रयोग हुनु हुँदैन र निजी शिक्षा क्षेत्र नै यसको प्रमुख लाभग्राही हो। राज्यहरुले सार्वजनिक शिक्षा प्रणालीलाई सबल बनाउनु पर्छ र तिनलाई भौतिक असमानता सिर्जना गरी टुक्र्याउनु हुँदैन।

तथापी, राज्यको गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गर्ने र निजी क्षेत्रको नियमन गर्ने भूमिका विस्तारित रुपमा चुनौतीपूर्ण बनेको छ, कहिलेकाहिँ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुको दबाबमा समेत, जबकी शिक्षामा निजी क्षेत्रको संलग्नता निरन्तर रुपमा बढ्दो छ।

शिक्षामा संलग्न निजी क्षेत्रहरु विविध छन्। निजी प्रदायकहरु आस्थामा आधारित साना वा सामुदायिक विद्यालयदेखि ठूला प्रदायकसम्म, अझ बढी बहुराष्ट्रिय संस्थान समेत छन्। त्यस्ता निजी क्षेत्र समेत छन् जसले आधारभूत सेवा, जाँच र पाठ्यक्रम उपलब्ध गराउँछन् वा शिक्षामा वित्तीय सहायता प्रदान गर्छन्। यी निजी क्षेत्रहरुले भिन्न सन्दर्भमा फरक खालको प्रभाव पार्छन्। केहीले गुणस्तरीय सार्वजनिक शिक्षा विकास गर्न र शिक्षा अधिकार पूरा गर्न राज्यलाई सघाएर सकारात्मक भूमिका खेल्न सक्छन्। अन्य विशेष व्यावसायिक निजी क्षेत्रले शिक्षालाई बजारको वस्तुसरह व्यवहार गरेर शिक्षा अधिकार हासिल गर्ने खतरामा पार्छन्।

यी चुनौतीहरु सम्बोधन गर्न मानव अधिकार निकाय र अदालतहरुले कसरी बदलिँदो यथार्थको परिप्रेक्षमा शिक्षा अधिकार प्राप्त गर्नुपर्छ भन्ने कुरा प्रष्ट पारेका छन् । यी मार्गनिर्देशनहरुले राज्य र अन्य निजी क्षेत्रलाई यो विकसित सन्दर्भमा मानव अधिकारका आलेखहरु अनुसार चलायमान हुन सघाउने प्रयोजन राख्छन् । तिनीहरु अधिकारप्राप्त कथनहरु हुन् जसले कानूनी ढाँचा विकास गर्दै मानव अधिकार कानूनद्वारा निर्देशित शिक्षा अधिकार सुनिश्चित गर्न कायम रहेका राज्यका दायित्व पुनर्पुष्टि गर्दछन् । तिनीहरु गुणस्तरीय शिक्षा प्रणाली प्रवर्द्धन गर्न खोज्छन्, जसले समानता, मानव मर्यादा, र सामाजिक न्याय सुनिश्चित गर्छन् । र यिनलाई कुनैपनि रुपमा शिक्षामा निजी क्षेत्रको संलग्नतालाई समर्थन गरेको वा शिक्षामा वास्तविक स्वतन्त्रता दबाउन खोजेको रुपमा बुझ्नुहुँदैन ।

# १. सामान्य प्रावधान

## क. क्षेत्र, परिभाषा, उपयोग, व्याख्या

*क्षेत्र*

१. यी मार्गदर्शक सिद्धान्तहरुले शिक्षामा निजी क्षेत्रको संलग्नताको परिप्रेक्ष्यामा लागू हुने मापदण्ड र मानव अधिकार कानूनको खाका प्रदान गर्छन् ।

*परिभाषाहरु*

२. सार्वजनिक शिक्षा प्रणाली एउटा परिप्रेक्षबाट अर्कोमा भिन्न हुन्छ । यस प्रयोजनका लागि सार्वजनिक शैक्षिक संस्थाले ति संस्थालाई जनाउँछ, जसले :

   क. राज्यले सार्वजनिक शैक्षिक संस्थाको रुपमा मान्यता दिएको ;

   ख. राज्य वा राज्यभित्रका जनताको  मान्यता प्राप्त प्रतिनिधीद्वारा प्रभावकारी तवरले व्यवस्थित  नियन्त्रण गरिएको;

   ग. विद्यार्थीको शिक्षा अधिकारलाई कमजोर पार्ने खालको कुनै व्यापारिक वा अनुचित फाइदाको स्वार्थको सेवामा नपरेको हुनुपर्छ ।

३. शैक्षिक संस्थाहरु, जसले माथि उल्लेखित समग्र शर्त पूरा गर्दैनन्, तिनीहरु यस प्रयोजनका लागि "निजी" मानिन्छन् । जसमाः

   क. निजी  शैक्षिक संस्था जसले प्रत्यक्ष शिक्षा सेवा प्रदान गर्छन् र निजी संस्था जसले शिक्षा सेवा प्रदान गर्दा गैर- शैक्षिक भूमिका खेल्छन्, दुवै; र

   ख. व्यावसायिक र गैर-व्यावसायिक दुवै निजी क्षेत्रहरु पर्छन् ।

*उपयोग र व्याख्या*

४. यी मार्गनिर्देशक सिद्धान्तहरु राज्यले आफ्नो सिमाना भित्र र बाहिरसमेत नागरिक, साँस्कृतिक, आर्थिक, राजनीतिक  र सामाजिक अधिकार सहित सबै मानव अधिकारको सम्मान, संरक्षण र पालना गर्ने आफ्नो दायित्वको परिप्रेक्ष्यमा लागू र व्याख्या गर्न अभिप्रेरित छन् ।

५. शिक्षा अधिकार पूरा गर्ने राज्यको दायित्व उसको अन्य मानव अधिकार पूरा गर्ने दायित्व सँगसँगै जानुपर्छ, जसमा अन्य उपयुक्त अन्तर्राष्ट्रिय कानूनी दायित्व तथा अन्तर्राष्ट्रिय मानवीय कानून, शरणार्थी कानून, र अपराधसम्बन्धी कानूनबाट उत्पन्न हुने दायित्व समेत पर्छन् ।

६. यी मार्गनिर्देशक सिद्धान्तहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानून र मापदण्ड, अथवा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनसँग संगत हुने कुनै पनि घरेलु कानूनले पहिचान गरेका अधिकारलाई सिमित गर्ने, प्रतिबन्ध गर्ने वा कमजोर पार्ने किसिमले व्याख्या वा लागू गरिनु हुँदैन ।

७. यी मार्गनिर्देशक सिद्धान्तहरु मानव अधिकार कानून र मापदण्ड, जसमा अन्तर्राष्ट्रिय, (क्षेत्रीय समेत), संवैधानिक वा अन्य राष्ट्रिय कानूनमा उल्लेखित, वा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनसँग अनुकूल हुने मापदण्ड समेत पर्छन्, जसलाई उल्लेख भएका राज्य,

अन्तर्राष्ट्रिय संगठन, तथा निजी क्षेत्र जस्तै बहुराष्ट्रिय निगम र अन्य व्यापारिक संस्थानहरुका दायित्व वा जिम्मेवारी सिमित गर्ने, प्रतिबन्ध गर्ने वा कमजोर पार्ने किसिमले व्याख्या गरिनु हुँदैन।

**ख. शिक्षा अधिकारको प्रकृति एवं क्षेत्र**

८. सबै स्वरुपका शिक्षा सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले सुनिश्चित गरेका शिक्षाका लक्ष्य तथा उद्देश्यप्रति निर्देशित हुनुपर्छ। यिनले मानव व्यक्तित्वको पूर्ण विकास र यसको मर्यादा, तथा सबै मानवअधिकार र आधारभूत स्वतन्त्रता प्रतिको सम्मानलाई समेट्छन्। शिक्षा, व्यक्तिहरुलाई समाजमा प्रभावकारी रुपमा सहभागी हुन, सहनशिल हुन, समूहमा बस्न सक्षम बनाउने, तथा स्वायत्त रुपमा उनीहरुको आफ्नो वा सामूहिक जीवनको योजना निर्माण तथा प्राप्त गर्ने क्षमता र समालोचनात्मक चेत हासिल गर्न, लक्षित हुनुपर्छ।

९. शिक्षा अधिकार एउटा मानिसको जन्मदेखि मृत्युपर्यन्त लागू हुन्छ। प्रत्येक व्यक्तिलाई उपलब्ध, पहुँचयोग्य, स्वीकार्य र अनुकूल हुने जीवनभरको शिक्षा अधिकार हुन्छ, त्यसमा पूर्व-प्राथमिक, प्राथमिक, माध्यमिक, र उच्च शिक्षा, प्राविधिक र व्यावसायिक शिक्षा र तालिम, प्रौढ शिक्षा, तथा औपचारिक र अनौपचारिक सहित सबै तह र स्वरुपका शिक्षा पर्छन्। यसले निःशुल्क शिक्षा समेत समेट्छ, जुन अन्तर्राष्ट्रिय मानवअधिकार कानून अन्तर्गत राज्यको दायित्व अनुरुप हुने गरि हासिल गरिनुपर्छ।

# २. उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने दायित्व

**विस्तृत सिद्धान्त** १. राज्यले समानता र विभेद रहितको अधिकारका आधारमा आफ्नो क्षेत्राधिकार भित्रका सबैको शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्नुपर्दछ।

**क. शिक्षा अधिकारले अगाडि सारेका दायित्व**

१०. राज्यले समानता र विभेद रहितको अधिकारका आधारमा आफ्नो अधिकार क्षेत्र भित्रका सबैको शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्नुपर्दछ।

११. राज्यले शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने आफ्नो दायित्व शिक्षामा निजी क्षेत्र संलग्न भएको समेत गरी सबै परिस्थितिमा कायम राखिराख्छन्।

१२. शिक्षा अधिकार सार्वजनिक संकटकाल र सशस्त्र द्वन्द्वको समयमा समेत सुनिश्चित गरिनुपर्छ।

१३. राज्यले सार्वजनिक र निजी सबै शैक्षिक संस्थाहरु समावेशी र न्यूनतम उचित गुणस्तर कायम गरेको सुनिश्चित गर्नुपर्छ।

१४. शिक्षाका सबै स्वरुप र तहमा निम्न उल्लेखित अन्तरसम्बन्धित र आवश्यक विशेषता झल्किनुपर्छ, जुन सबै गुणस्तरीय शिक्षाका गुणहरु हुन्ः

क. **उपलब्धताः** यसमा अरु चिजको अलावा निम्न कुरा हुनुपर्छः

- पर्याप्त उपलब्ध संख्यामा शैक्षिक संस्था र कार्यक्रमहरु सञ्चालन गर्ने;
- आवश्यक सिप, योग्यता, र तालिम सहित पर्याप्त संख्यामा शिक्षक र अन्य कर्मचारी, जसले देशभित्रको प्रतिस्पर्धी तलब प्राप्त गर्छन्;
- उपयुक्त पाठ्यक्रम, र शैक्षिक सामग्री, प्रणाली, र अभ्यासहरु;
- उचित सरसफाइको सुविधा;
- सुरक्षित पिउने पानी;

- सुरक्षित, पर्याप्त, र व्यवस्थित पूर्वाधार;
- सुरक्षित र रक्षात्मक सिकाइको वातावरण;
- उपयुक्त हुनेगरी पुस्तकालय, कम्प्युटर र सुचना प्रविधी सुविधा; र
- कर्मचारीको लागि सभ्य रोजगारी, कार्य वातावरण, र सामाजिक सुरक्षा।

**ख.** **पहुँचयोग्यः** शैक्षिक संस्था र कार्यक्रमहरु राज्यको क्षेत्राधिकार भित्र बिना कुनै विभेद सबैको लागि पहुँचयोग्य हुनुपर्दछ। पहुँचयोग्य भन्नाले शारिरीक, आर्थिक र सूचनाको पहुँच समावेश हुनपर्दछ।

**ग.** **स्वीकार्यः** यसले अन्य कुराको साथै पाठ्यक्रम र शिक्षण विधी सहित शिक्षाको स्वरुप र सार विद्यार्थीहरु, र उपयुक्त अवस्थामा अभिभावक वा कानूनी अभिभावकलाई स्वीकार्य हुनुपर्ने, साथै शिक्षाको स्वरुप र सार अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले प्रत्याभूत गरेका लक्ष्य र उद्देश्यप्रति निर्देशित हुनुपर्ने कुरा आवश्यक ठान्छ। पाठ्यक्रम मानव अधिकारप्रति अनुपालक तथा रुढिवादबाट मुक्त हुनुपर्छ।

**घ** **अनुकूलः** यसले अन्य कुराको साथै शिक्षा लचिलो हुनुपर्नेमा जोड दिन्छ, जसकारण यसले परिवर्तित समाज र समुदायका आवश्यकता अनुकूल हुन सकोस्, र विद्यार्थीहरुको आफ्नो विविध सामाजिक र साँस्कृतिक व्यवस्थाभित्रको आवश्यकता सम्बोधन गर्न सकोस्।

१५. राज्यले निःशुल्क, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम परिचालन गर्नुपर्छ, त्यस्तो शिक्षा निरन्तर रुपमा सुधार भएको हुनुपर्छ। अधिकतम उपलब्ध स्रोतहरु राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा शिक्षा कोषको लागि गरिएका प्रतिवद्धता जस्तैः विकास लक्ष्यमा तोकिएको कुल ग्राहस्थ उत्पादनको निश्चित प्रतिशत को तहभन्दा तल जानु हुँदैन।

१६. उपलब्ध स्रोतहरुमा राज्यद्वारा निर्धारीत सबै स्रोतहरु, वा ति स्रोतहरु जुन निम्नानुसार परिचालित हुन्छन्;

क. प्राथमिक आन्तरिक स्रोतहरु, जस्तै निष्पक्ष र प्रगतिशील कर र अरु आन्तरिक स्रोत जुटाउने संरचना; राजस्व आधारको विस्तार; सार्वजनिक खर्चको पुनःपरिचालन; अवैध वित्तीय वहाव, भ्रष्टाचार, कर अपचलन, र कर छलीको उन्मूलन; वित्तीय र विदेशी विनिमय सञ्चितीको उपयोग; अनुदानद्वारा वा कायम ऋणमार्फत कर्जा व्यवस्थापन; उपयुक्त बृहत् अर्थशास्त्रीय प्रारुपको विकास र अंगिकरण; वा

ख. अन्तर्राष्ट्रिय सहयोग र सहायता।

१७. देहायका कुराको प्राथमिकिकरण गर्दै शिक्षा अधिकार हासिल गर्ने दायित्व राज्यको हुन्छः

क. निःशुल्क, गुणस्तरीय, सार्वजनिक पूर्व-प्राथमिक शिक्षाको व्यवस्था;

ख. सबैका लागि निःशुल्क, गुणस्तरीय, सार्वजनिक प्राथमिक तथा माध्यमिक शिक्षाको व्यवस्था;

ग. युवा र प्रौढ, विशेषगरी उनीहरु जो समाज र श्रम बजारमा पूरा र प्रभावकारी सहभागिताका लागि पर्याप्त निपुर्ण तहमा पुग्न सकेनन्, उनीहरुको शिक्षामा पहुँच;

घ. अपांगता भएका व्यक्तिहरु सहित कोहि पनि शिक्षाबाट वञ्चित नहुने गरी उचित सुविधा सुनिश्चित गर्दै, शिक्षामा भेदभावको वहिष्करण र समानताको सुनिश्चितता;

ङ. कम्तिमा ९ वर्षको अनिवार्य शिक्षाको व्यवस्था;

च. शिक्षामा संलग्न निजी क्षेत्र सम्बन्धी प्रभावकारी नियमनका उपायहरु अवलम्बन र लागु;

छ. सबै तहमा निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षाको प्रावधान सहितको वृहत् राष्ट्रिय शिक्षा रणनीति अंगिकार र कार्यान्वयन;

१८. राज्यहरुले कम्तिमा आफ्ना मूल दायित्वहरु पूरा गर्नुपर्छ। उपलब्ध स्रोतहरुको अभावको कारणले शिक्षा अधिकारसम्बन्धी आफ्ना मूल दायित्वहरु पूरा गर्न नसकेको अवस्थामा राज्यले ति मूल दायित्वहरु प्राथमिकताका साथ पूरा गर्न आफ्ना सबै स्रोतहरुको परिचालन गर्न हरेक प्रयास गरेको सार्वजनिक रुपमा उद्घोष गर्नुपर्छ।

१९. निजी शैक्षिक संस्थालाई समेत सार्वजनिक सेवाको दायित्वमा बाध्यकारी बनाउँदै राज्यले शिक्षालाई सार्वजनिक सेवाको रुपमा सुनिश्चित गर्नुपर्छ।

२०. शिक्षा प्रदान र तत्सम्बन्धी ब्यवस्था गर्न राज्यले मानव मर्यादा, सहभागिता, समानता र विभेद रहित, समावेशिता, पारदर्शिता, र जवाफदेहिताका सिद्धान्तहरु लागू गर्नुपर्छ।

२१. सबै तह र सबै उमेरको लागि शिक्षा अधिकार हासिल गर्नको लागि राज्यले बृहत् राष्ट्रिय शिक्षा रणनीति निर्माण र अवलम्बन गर्नुपर्छ। यो तत्कालिन लागुहुने दायित्व हो। राष्ट्रिय शिक्षा रणनीतिमा देहायका कुरा भएको हुनुपर्छः

क. कम्तिमा सूचक, लक्ष्य र मापदण्ड उल्लेख गरेको; तिनलाई हासिल गर्ने प्रस्तावित उपाय र समयावधी तोकेको; कार्यान्वयनको लागि जिम्मेवार पक्ष पहिल्याएको; र पूर्ण रुपमा लागत तोकेको र बजेटको व्यवस्था भएको हुनुपर्छ। लक्ष्य र मापदण्ड आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम उपयोग गर्नेबारे राज्यको दायित्वसँग सुसंगत हुनुपर्छ; तिनका मूल दायित्व तिनका अन्य मानव अधिकार दायित्व; र लागू हुनेसम्म ति राज्यका अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग सुसंगत हुनुपर्छ।

ख. सरोकारवाला सबैको पूर्ण र प्रभावकारी सहभागिता सहित पारदर्शी र सहभागितामूलक तरिकाले विकास भएको; बालबालिका र अन्य सिकारु, आमाबाबू वा कानूनी अभिभावक, समुदाय, शिक्षक तथा कर्मचारी, शिक्षा युनियन, र अन्य नागरिक समाज संगठनहरु सहभागि भएको;

ग. समाजका जोखिममा रहेका, सिमान्तकृत, र वञ्चित समूहहरुले शिक्षा अधिकार उपभोग गरिरहेको तह मूल्यांकन र सम्बोधन गर्न विशेष प्राथमिकता दिनुपर्ने;

घ. लैंगिक संवेदनशील, बालिका र महिलाको आवश्यकताप्रति जवाफदेहि, र सबैको लागि रुपान्तरणकारी भएको; र

ङ. वहिष्करण र विघटन अन्त्य गर्न प्रणालीमा गर्नुपर्ने सुधारको प्रकृयाको लागि अप्नाईने उपायको उल्लेख भएको र समयावधी, मापदण्ड र सूचकसहित अपांगता भएका व्यक्तिहरुसमेत नियमित विद्यालयमा समावेश हुने गरी सबैका लागि समावेशी शिक्षाको सुनिश्चितता भएको।

*अन्तर्राष्ट्रिय संगठनहरु*

२२. अन्तर्राष्ट्रिय संगठनको सदस्य भएकाले राज्यले आफ्ना मानव अधिकार दायित्व सम्बन्धमा सञ्चालन गर्ने गतिविधीप्रति आँफै जिम्मेवार हुन्छन्। कुनैराज्य अन्तर्राष्ट्रिय वित्तीय संस्था वा विश्वव्यापी कोष लगायत अन्तर्राष्ट्रिय संगठनमा सहभागि हुँदा वा आफ्नो सक्षमता हस्तान्तरण गर्दा सम्बन्धीत संगठनले सो राज्यका अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वसँग सुसंगत हुनेगरी कार्य गर्छ भन्ने सुनिश्चित गर्न सबै उपाय अपनाउनुपर्छ। त्यस्ता उपायमा निम्न कुराहरु पर्दछन्ः

क. अन्तर्राष्ट्रिय संगठनले यि मार्गनिर्देशक सिद्धान्त बमोजिम शिक्षा अधिकारको उपभोगमा बाधा पुऱ्याउने वा तिनलाई रद्द गर्ने कार्य गर्दैन भन्ने सुनिश्चित गर्न त्यस संगठनको सञ्चालन, नीति, लक्ष्य र अन्य कार्यको नजिकबाट अनुगमन गर्ने,

ख. यी मार्गनिर्देशक सिद्धान्तमा उल्लेखित लगायत राज्यका आफ्ना मानव अधिकार दायित्वहरु पूरा गर्ने क्षमतामा बाधा पुऱ्याउने वा रद्द गर्ने नीति लागू गर्न वा त्यसको लागि मत दिने जस्ता कार्यबाट टाढै रहने गरी आवश्यक कदम चाल्ने। यस्ता कार्यमा मानव अधिकारको मापदण्ड विपरित निजिकरण लाद्ने, शुल्कको प्रवेश गराउने, विनियम नीतिहरु, शिक्षा प्रदान गर्ने राज्यको क्षमता सिमित पार्ने कुरा पर्दछन्।

ग. यी मार्गनिर्देशक सिद्धान्तमा व्यवस्था गरिएका निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा विकास गर्ने लगायत शिक्षा अधिकारको सम्मान, संरक्षण, र पालना गर्ने राज्यको दायित्व हासिल गर्ने नीति संगठनभित्र प्रवर्द्धन गर्ने।

## आ. शिक्षामा समानता र विभेदरहितता

*समानताको अधिकार*

२३. शिक्षा अधिकार उपभोग गर्न राज्यले समानताको अधिकार सुनिश्चित गराउनुपर्छ, जसले चार आयाम समेट्छः

क. एक निष्पक्ष पुनर्वितरणकारी आयाम-सामाजिक-आर्थिक वञ्चितीलाई सम्बोधन गर्न;

ख.. एक पहिचानमूलक आयाम- मानवको मर्यादा र विभेदका विभिन्न आधारको अन्तरसम्बद्धता पहिचान गर्न र सामाजिक कलंक, रुढिवाद, पूर्वाग्रह, तथा हिंसालाई परास्त गर्न;

ग. एक सहभागितामूलक आयाम- सामाजिक समूहको सदस्यको रुपमा मानिसको सामाजिक स्वभाव र समाजमा समावेशीताद्वारा मानवीयताको पूर्ण पहिचान पुष्टि गर्न; र

घ. एक रुपान्तरणकारी आयाम- मानव मर्यादाको रुपमा भिन्नताको व्यवस्थापन गर्न र प्रणालीगत परिवर्तनलाई संस्थागत गर्न ।

*विभेदरहितताको अधिकार*

२४. राज्यले शिक्षा अधिकार उपभोगमा विभिन्न आधारमा हुने सबै प्रकारका भेदभाव हटाउनुपर्छ, ति आधारहरुमा, उमेर, जन्म, जात, रङ्ग, वंश, अशक्तता, कागजात, जातीयता, नागरिक, पारिवारिक वा पेशाको हैसियत, लैङ्गिक पहिचान, स्वास्थ्य अवस्था, वा अस्वस्थताप्रति आनुवांशिक वा अन्य झुकाव, भाषा, बसाइसराइको अवस्था, राष्ट्रिय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, राजनीतिक वा अन्य विचार, पैतृक हैसियत, गर्भावस्था, सम्पत्ति, धर्म, यौन, यौनिक झुकाव,सामाजिक-आर्थिक वञ्चिती, राज्यविहिनता, वा अन्य अवस्था पर्दछन् । सबै प्रकारका भेदभाव निषेध गर्ने दायित्वमा प्रत्यक्ष र अप्रत्यक्ष विभेद, उत्पीडन र उचित आवासको इन्कार, तथा वृहत्, अन्तरक्षेत्रगत, सम्बद्धताजन्य, र परिप्रेक्षीय विभेद पर्दछन् ।

*राज्यको दायित्वहरु*

२५. राज्यले आफ्ना ऐन, नीति, वा अभ्यासले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शिक्षामा भेदभाव गरेको छैन भन्ने सुनिश्चित गर्नुपर्छ । राज्यले शिक्षा अधिकारसँग सम्बन्ध राख्ने समानताको र भेदभाव रहितताको अधिकार उल्लंघन हुने अवस्थाको सम्बोधन गर्नुपर्छ, त्यो अवस्थाको सिर्जना राज्यको कार्यले भएको वा नभएको भए पनि । यसमाः

क. गरिबीमा रहेका वा ग्रामिण भेगमा रहेका मानिस सहित समाजका केही समूहमा शैक्षिक अवसर वा परिणाममा हुने प्रणालीगत असमानता; वा

ख. विशेष सामाजिक-आर्थिक वञ्चितमा, कुनै निषेधित आधारमा विभेद पुऱ्याउने शिक्षा प्रणालीमा हुने खण्डीकरण ।

२६. राज्यले शिक्षाको हक उपभोगमा सबै प्रकारका भेदभाव अन्त्य गर्न र रोक्न तथा समानता सुनिश्चित गर्न सकारात्मक उपाय अपनाउनुपर्छ, यसमा विगतका भेदभाव र असमानता सच्याउने, र स्रोतहरुको वितरणद्वारा प्रणालिगत रुपमा कायम वञ्चिती हटाउने कार्य समेत पर्छन् । यस्ता उपायहरु उचित, उद्देश्यपरक, र समानुपातिक हुनुपर्छ तथा निम्न उपाय समेट्नुपर्छः

क. विभेदजन्य अभ्यासको पहिचान र रोकथाम गर्ने;

ख. निजी शैक्षिक संस्था लगायत तेश्रो पक्षबाट हुने भेदभावबाट व्यक्तिलाई संरक्षण प्रदान गर्ने;

ग. प्रत्येक व्यक्तिलाई कुनै पनि आधारमा विना भेदभाव गुणस्तरीय समावेशी शिक्षामा समान पहुँचको सुनिश्चितता गर्ने; र

घ. भेदभाव रोक्न र समानता सुनिश्चित गर्न उनीहरुको सार्वजनिक तथा निजी संस्था लगायत शिक्षा प्रणाली व्यवस्थित गर्ने ।

२७. जब अन्तर्राष्ट्रिय मानव अधिकार कानून उल्लंघन गर्दै शिक्षामा भेदभाव कायम रहन्छ, राज्यले यथासक्य चाँडो यसको अन्त्यका लागि तत्कालै शिक्षा र अरु सम्बन्धित क्षेत्रमा प्रभावकारी कदम चाल्नुपर्छ । यस्तो कदम राज्यको कारणले विभेद भए वा नभएको हकमा पनि लागू हुन्छ ।

*उचित आवास*

२८. राज्यले एक वा धेरै भेदभावका निषेधित आधारसँग सम्बन्धित व्यक्तिको भिन्न क्षमताको लागि उचित ब्यवस्थाको सुनिश्चितता गर्नुपर्छ, जुन पाठ्यक्रम, सिकाइको वातावरण, कक्षा भित्रको सञ्चार, शैक्षिक सामग्री र मुल्यांकनसँग समेत सम्बन्धीत हुन्छ । उचित ब्यवस्थाको प्रत्याभूती दिलाउन नसक्नुमा भेदभाव रहेको हुन्छ, र उचित ब्यवस्था उपलब्ध गराउने दायित्व तत्कालै लागू हुन्छ ।

**विस्तृत सिद्धान्त** २. राज्यले आफ्नो क्षेत्राधिकार भित्र सबैको लागि उच्चतम प्राप्त गर्न सकिने गुणस्तरको निःशुल्क, सार्वजनिक शिक्षा आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ प्रभावकारी ढंगले र सकेसम्म शीघ्र प्रदान गर्नुपर्दछ।

## अ. निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा अधिकार

२९. राज्यले निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्नुपर्छ। तिनले आफ्नो अधिकार क्षेत्र भित्रका सबैको लागि उच्चतम हासिल गर्न सकिने गुणस्तरीय, निःशुल्क, सार्वजनिक शिक्षा आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ प्रभावकारी ढंगले र सकेसम्म शीघ्र प्रदान गर्नुपर्दछ। निजी शैक्षिक संस्थाहरुको संलग्नताले कुनै तरिकामा यो दायित्वलाई कमजोर वा खारेज गर्दैन।

३०. सार्वजनिक शिक्षाका मापदण्डले उच्चतम प्राप्य गुणस्तर प्रत्याभूत गर्नुपर्छ, र कम्तिमा सिद्धान्त ४ मा उल्लेख गरिएका निजी नियमक शैक्षिक संस्थालाई लागू हुने मापदण्ड बमोजिम मानव अधिकारको रक्षा गर्ने हुनुपर्छ। राज्यले आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ प्रगतिशील रुपमा शिक्षा अधिकार हासिल गर्ने दायित्व अनुसार निरन्तररुपमा सार्वजनिक शिक्षामा मापदण्ड बढाउनुपर्छ।

३१. राज्यले सार्वजनिक शिक्षा समावेशी हुने सुनिश्चित गर्नुपर्छ। तिनले सार्वजनिक शिक्षामा साँस्कृतिक, भाषिक, तथा समाजका विभिन्न समूह जस्तै, अल्पसंख्यक र आदिवासीका अन्य विशेष गुण अटाउने सुनिश्चितता त्यहाँसम्म गर्नुपर्छ जहाँसम्म त्यस्तो व्यवस्थापन अन्तर्राष्ट्रिय मानव अधिकार कानूनले प्रत्याभूत गरेका मापदण्ड वा शिक्षाको उद्देश्यसँग नमिल्दो हुँदैन। सार्वजनिक शिक्षाले शिक्षामा बहुलवादको सम्भावनालाई सुरक्षित तुल्याउनुपर्छ; साँस्कृतिक रुपमा उपयुक्त हुनुपर्छ; र शिक्षार्थीलाई उनीहरुको व्यक्तित्व र साँस्कृतिक पहिचानको विकास गर्न र आफ्नो समूदाय तथा अन्य समुदाय र समाजका साँस्कृतिक मूल्य र अभ्यास सिक्न र बुझ्न सक्षम बनाउनुपर्छ। पाठ्यक्रममा राखिएको जानकारी वा ज्ञान उद्देश्यमूलक, समीक्षात्मक, तथा वहुलवादको दृष्टिकोणले सञ्चार गरिनुपर्छ।

३२. राज्यले सार्वजनिक शिक्षा जवाफदेही, सहभागितामूलक, समावेशी र पारदर्शी हुने कुरा सुनिश्चित गर्नुपर्छ। विशेषगरी, तिनले सबै सरोकारवालाको प्रतिनिधीत्व हुने सहभागितामूलक शैक्षिक शासन प्रणाली अगाडी ल्याउनुपर्छ, सरोकारवालामा बालबालिका र अन्य शिक्षार्थी, आमाबाबू वा कानूनी अभिभावक, समुदाय, शिक्षक र अन्य कर्मचारी, शैक्षिक युनियन, र अन्य नागरिक सामाजिक संगठन पर्दछन्।

३३. राज्यले सार्वजनिक शिक्षामा विना भेदभाव वा खण्डिकरण मानिसहरुको समान पहुँच हुने कुरा सुनिश्चित गर्न तथा गुणस्तरीय सार्वजनिक शिक्षामा पहुँचका मापकको सम्बोधन गर्न सबै प्रभावकारी उपाय अवलम्बन गर्नुपर्छ। यसले रोजगारको, सामाजिक सुरक्षाको, खाद्यको, आवासको, स्वास्थ्यको, पानीको, र सरफाइको अधिकारको सम्मान, संरक्षण र पालना गर्न सबै प्रभावकारी उपाय अपनाउने कुरा समेट्छ। यस्ता उपायमा अखण्डिकरण आवासीय नीति, पूर्वाधार योजना, उपयुक्त सार्वजनिक यातायात प्रणाली, खाद्यमापर्याप्त पहुँच, सामाजिक संरक्षण र रोजगार कार्यक्रम, विवाह गर्ने उमेर कम्तिमा १८ वर्ष तोक्ने कानून , वालश्रम रोकथाम नीति, रुढिवादी र पूर्वाग्रहतिर डोऱ्याउने सामाजिक र साँस्कृतिक ढाँचालाई परिवर्तन गर्ने उपाय, र व्यक्तिको उच्चस्तरको प्राप्य शारीरिक र मानसिक स्वास्थ्य सुनिश्चित गर्ने उपाय पर्छन्।

## आ. सार्वजनिक शिक्षाको वित्त व्यवस्थापन

३४. राज्यले शिक्षाको लागि उपलब्ध स्रोतहरुको अधिकतम परिचालन गर्दा, शिक्षा अधिकार प्रभावकारी ढंगले र सकेसम्म शीघ्र प्रदान गर्ने गरी हासिल गर्न पर्याप्त वित्तीय र अन्य स्रोतहरुको परिचालन समेत गरि उच्चतम प्राप्त गर्न सकिने गुणस्तरको निःशुल्क शिक्षाको प्रावधान प्राथमिकतामा राख्नुपर्छ। राज्यले आफ्नो शिक्षाको बजेट निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षाको प्रत्यक्ष प्रावधान बाहेक अन्य क्षेत्रमा पुनःपरिचालन वा खर्च गर्दा त्यस्तो शिक्षा प्रदानमा कुनै बाधा नपर्ने कुराको सुनिश्चितता गर्नुपर्छ।

३५. राज्यले आफ्नो नियमित घरेलु बजेटरी कानून वा नीतिमा उपयुक्त मात्रामा सार्वजनिक शिक्षाको लागि मानव अधिकार-सुसंगत शिक्षा कोष समेट्नुपर्छ। राज्यको राष्ट्रिय शिक्षा रणनीतिले आफ्नो उच्चतम प्राप्त गर्न सकिने गुणस्तरको निःशुल्क शिक्षा प्रदान गर्ने दायित्व देहायका कुरा संलग्न राखी सञ्चालन गर्नुपर्छः

क. सार्वजनिक शिक्षामा हासिल गर्ने लक्ष्य र मापदण्ड तथा निश्चित समयावधी तोकिएको प्रगति सूचक सहित पर्याप्त मात्रामा विशिष्ट र ठोस भएर;

ख. सबैको लागि गुणस्तरीय सार्वजनिक शिक्षामा पहुँचका बाधा र अप्ठ्यारा सम्बोधन गर्दै सकारात्मक कदम लिएर; र

ग. सार्वजनिक शिक्षा सुधार गर्न पहिचान गरिएका प्राथमिकताको लागत निर्धारण र बजेटको व्यवस्था गरेर।

३६. राज्यले सबै तहमा उच्चतम प्राप्त गर्न सकिने गुणस्तरको निःशुल्क, सार्वजनिक शिक्षा प्रभावकारी ढंगले र सकेसम्म शिघ्र प्रदान गर्नुपर्ने दायित्व प्रगतिशील तवरले हासिल गर्दै, पैसा तिर्न नसकेको आधारमा कोही पनि व्यक्ति सार्वजनिक शैक्षिक संस्थाबाट ननिकालिने सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्छ, साथै विद्यार्थी र तिनका परिवारलाई आउनसक्ने अधिक ऋणभारको जोखिम रोक्न सबै प्रभावकारी उपाय अपनाउनुपर्छ।

३७. स्रोतहरुको सिमितताको अवस्थामा, राज्यले गुणस्तरीय, सार्वजनिक शिक्षाको प्रावधान निरन्तर प्राथमिकतामा राख्नुपर्छ।

***अन्तर्राष्ट्रिय सहायता र सहकार्य***

३८. शिक्षाको लागि अन्तर्राष्ट्रिय सहायता र सहकार्य प्रापक राज्यका मूल दायित्व पूरा गर्न सहयोग पुऱ्याउन प्राथमिकतामा राख्नुपर्छ। विशेषतः, यसले सार्वजनिक शैक्षिक संस्थामा सबैको लागि अझ खासगरी असुरक्षित, वञ्चित, र सिमान्तकृत समूहको लागि निःशुल्क, गुणस्तरीय, सार्वजनिक पूर्व-प्राथमिक, प्राथमिक, र माध्यमिक शिक्षालाई प्राथमिकता दिनुपर्छ, र अरु तहमा निःशुल्क, गुणस्तरीय शिक्षा तर्फ प्रभावकारी ढंगले र सकेसम्म शीघ्र रुपमा अगाडी बढ्नुपर्छ।

***सार्वजनिक संस्थाको लागि निजी स्रोतहरुको प्रावधान***

३९. सार्वजनिक शैक्षिक संस्थाहरुले सार्वजनिक शिक्षामा सघाउने प्रायोजनका लागि निजी स्रोतहरु स्वीकार्न सक्छन्, तर त्यस्तो सहयोगले शिक्षा अधिकार लगायत मानव अधिकार हासिल गर्न प्रतिकूल प्रभाव पार्नु हुँदैन। प्रतिकूल प्रभावको कुरामा निम्न कार्यहरु पर्दछन्ः

क. संस्थाको सञ्चालन वा शिक्षा प्रणालीलाई असर गर्ने;

ख. पाठ्यक्रम वा शिक्षण सामग्री, विधी, र अभ्यासमा असर गर्ने;

ग. निजी शैक्षिक संस्थामा भेदभावरहित आधारको भर्नामा हकदावीसहित हस्तक्षेप गर्ने;

घ शैक्षिक संस्थाको परिसरमा विज्ञापन र बजारीकरण सामग्री वा गतिविधीको उपस्थिती वा त्यस्ता सामग्री वा गतिविधीको निशानामा बालबालिका पार्ने समेतले सार्वजनिक शिक्षामा व्यापारिकरण निम्त्याउने;

ङ. प्रायोजक वा दानीलाई सार्वजनिक अधिकारीबाट कुनै वित्तीय वा अन्य कुनै फाइदा उपलब्ध गराउनु वा कुनै स्वार्थको द्वन्द्व सिर्जना गर्ने।

४०. सार्वजनिक शैक्षिक संस्थामा स्वेच्छिक सामुदायिक योगदान दिँदा माथि उल्लेखित शर्त पूरा हुनुपर्छ।

४१. सार्वजनिक शिक्षामा सहयोग गर्ने कुनै निजी प्रायोजन वा दानः

क. पारदर्शी तवरले सञ्चालन गरिनुपर्छ र सबै मापदण्डहरु सार्वजनिक रुपमा प्रकाशन गरिनुपर्छ; र

ख. समग्र शैक्षिक प्रणालीलाई सवल बनाउनुपर्छ र शैक्षिक संस्थाहरुबीच भौतिक असमानता सिर्जना गरेर खण्डित गर्नुहुँदैन।

**शासन**

४२. प्रभावहीन शासन, पारदर्शिताको अभाव, जवाफदेहिताको अभाव, वा भ्रष्टाचार, जसले निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा अधिकार हासिलमा प्रतिकूल प्रभाव पार्न सक्छ, त्यसलाई सम्बोधन गर्न सबै उपाय अपनाउने राज्यको तात्कालिक दायित्व रहन्छ।

**अग्रगामी**

४३. यदि राज्यले सबैको लागि निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रदान गर्न असफल हुनुको कारण उपलब्ध स्रोतहरुको अभावलाई देखाउँछ भने, यसले तलका कुरा गर्नुपर्छः

क. यो दायित्व प्राथमिकताका साथ पूरा गर्न राज्यलाई उपलब्ध भएका सबै स्रोतहरुको प्रयोग गर्न सम्पूर्ण प्रयास गरेको सार्वजनिक गर्नुपर्छ;

ख. आफूसँग भएका र सम्भावित उपलब्ध हुनसक्ने स्रोतहरुको सन्दर्भको क्षमताको अन्तर सार्वजनिक रुपमा निरन्तर पुनःमुल्यांकन गर्नुपर्छ; र

ग. कसरी यसले क्षमताको अन्तर सबभन्दा छोटो समयमा सम्बोधन गर्ने र आफ्नो दायित्वबमोजिम निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रदान गर्ने भन्ने बारेमा विशेष लक्ष्य समेटेर राज्यको राष्ट्रिय शिक्षा रणनीतिमा विस्तृत समयावधी प्रदान गर्नुपर्छ।

४४. ईच्छाशक्तिको अभाव क्षमताको अभावभन्दा फरक हुन्छ, र यसले राज्यको अन्तर्राष्ट्रिय मानव अधिकार कानूनअन्तर्गत आफ्नो दायित्वबमोजिम निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रदान गर्न असमर्थ भएको पुष्टि गर्न सक्दैन।

४५. सार्वजनिक शिक्षा अधिकार सन्दर्भमा अग्रगामी कदम लिनु अस्वीकार्य हुने बलियो मान्यता छ। यदि अपवादस्वरुप त्यस्ता अग्रगामी कदम लिइन्छ भने ति कदम मानव अधिकार कानून र मापदण्ड बमोजिम लागू हुन्छन् भनि प्रमाणित गर्ने जिम्मेवारी राज्यको नै हुन्छ। त्यस्ता कुनै कदमः

क. प्रकृति र प्रभावले अस्थायी हुनुपर्छ, र वित्तीय सिमितताको कारण सिर्जित विपद्को अवस्थामा सिमित गरिनुपर्छ;

ख. आवश्यक र समानुपातिक हुनुपर्छ, कुनै अन्य वैकल्पिक नीतिको अवलम्बन वा सो कार्यको असमर्थता आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोगमा प्रतिकूल हुने भएको अवस्था भएमा, अन्य वैकल्पिक उपाय अवलम्बन गर्ने सम्भावना विस्तृत रुपमा परिक्षण गरिएको हुनुपर्ने;

ग. मनासिव हुनुपर्छ;

घ. प्रत्यक्ष वा अप्रत्यक्ष रुपले विभेदकारी हुनुहुँदैन ;

ङ. कमजोर, वञ्चित, र सिमान्तकृत व्यक्ति र समूहको अधिकार, साथै उनीहरुको निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा अधिकार प्रति विशेष ध्यान पुऱ्याइको हुनुपर्छ, र उनीहरु असमानुपातिक ढंगले प्रभावित नभएको सुनिश्चित गरिनुपर्छ। त्यस्ता कदमले बालबालिकालाई सबैभन्दा अन्तिम प्रभाव पार्नुपर्छ;

च. सार्वजनिक शिक्षा अधिकार तथा अन्य प्रभावित आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारका न्यूनतम मूल विषय पहिचान गर्नुपर्छ, र सबै समयमा यी मूल विषयको सुरक्षाको सुनिश्चितता गर्नुपर्छ;

छ. प्रस्तावित कदम र विकल्प मापन गर्दा बालबालिका तथा अन्य शिक्षार्थी सहित प्रभावित समूहको पूरा र प्रभावकारी सहभागिता गराउनुपर्छ; र

ज. राष्ट्रिय तहमा सार्थक समीक्षा कार्यविधि हुनेगरी हुनुपर्छ।

४६. अन्तर्राष्ट्रिय सहायता र सहकार्य प्रदान गर्ने राज्यले सार्वजनिक शिक्षाको सम्बन्धमा अस्वीकार्य अग्रगामी कदमहरुको अवलम्बन, समर्थन गर्न वा आवश्यकता राख्नु हुँदैन।

# ३. निजी संलग्नताको परिप्रेक्षमा शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने दायित्व

**विस्तृत सिद्धान्त ३.** राज्यले आफ्ना बालबालिकाहरुको लागि सार्वजनिक शैक्षिक संस्थाबाहेक कुनै पनि शैक्षिक संस्था छनौट गर्न आमाबाबु वा कानूनी अभिभावकको स्वतन्त्रताको सम्मान गर्नुपर्दछ, साथै निजी शैक्षिक संस्थाहरु स्थापना र निर्देशन गर्न व्यक्ति र निकायहरुको स्वतन्त्रताको सम्मान गर्नुपर्दछ र त्यस्ता निजी शैक्षिक संस्थाहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतको आफ्नो दायित्वअनुरुप राज्यद्वारा स्थापित मापदण्डहरु अनुसारको हुनुपर्दछ।

४७. राज्यले आफ्ना बालबालिकाहरुको लागि सार्वजनिक शैक्षिक संस्थाबाहेक कुनै पनि शैक्षिक संस्था छनौट गर्न आमाबाबु वा कानूनी अभिभावकको स्वतन्त्रताको सम्मान गर्नुपर्दछ, साथै निजी शैक्षिक संस्थाहरु स्थापना र निर्देशन गर्न व्यक्ति र निकायहरुको स्वतन्त्रताको सम्मान गर्नुपर्दछ र त्यस्ता निजी शैक्षिक संस्थाहरु अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतको आफ्नो दायित्वअनुरुप राज्यद्वारा स्थापित मापदण्डहरु अनुसारको हुनुपर्दछ।

४८. यी स्वतन्त्रताको सम्मान कानूनले निर्धारण गरेको सिमिततामा मात्र भर पर्छ जहाँ ती सिमितताहरु स्वतन्त्रताका प्रकृतिसँग मिल्दो र लोकतान्त्रिक समाजमा सामान्य कल्याण प्रवर्धन गर्ने उद्देश्यको लागि र अन्य कुनै मानव अधिकार हासिलको लागि मात्र हुन्छन् । यी सिमितताहरु तलका कुरा सुनिश्चित गरेमा मात्र पुष्टि गर्न सकिने हुन्छन्ः

क. निजी शैक्षिक संस्थाले सार्वजनिक शिक्षा हटाउँदैनन् वा विस्थापन गर्दैनन्, बरु साँस्कृतिक विवधताको सम्मान गर्दै सबैको लागि शिक्षा अधिकार हासिल गर्न अनुकूल तरिकाले सहयोग गर्छन् ;

ख. बालबालिकाको आफ्नो विचार राख्न पाउने अधिकारको सम्मान गरिन्छ, र बालबालिकाको उमेर, परिपक्वता र सर्वोत्तम हितको आधारमा अभिभावकिय छनौटको अभ्यासमा उनीहरुलाई उचित मूल्य दिइन्छ ;

ग. यी स्वतन्त्रताको अभ्यासले शिक्षा अधिकारमा कुनै प्रतिकूल प्रभाव सिर्जना गर्दैन, देहायका कुराद्वारा समेत ;

i. समाजमा केहि समूहको लागि शैक्षिक अवसर वा नतिजामा असमानता निम्त्याउने वा कायम राख्ने, जसले खण्डिकृत शिक्षा प्रणाली जस्तै समानता र विभेद रहितको अधिकार उपभोगलाई कमजोर वा खारेज गर्दछ ;

ii. निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा हासिल गर्ने राज्यको सक्षमतालाई प्रतिकूल असर पार्ने वा प्रतिकूल असर पार्ने खतरा देख्न सकिने अवस्था सिर्जना हुनु;

iii. अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गत सुनिश्चित शिक्षाका कुनै पनि उद्देश्य कमजोर पार्नु, जस्तै शिक्षाको व्यापारिकरण मार्फत् ;

iv. पारदर्शिता, कानूनको शासन, सार्वजनिक उत्तरदायित्व, वा शिक्षामा पूर्ण र प्रभावकारी सहभागितालाई प्रतिकूल प्रभाव पार्नु ;

v. अन्य कुनै मानव अधिकार, विशेषगरी शैक्षिक संस्थामा काम गर्ने कर्मचारीको अधिकार को उपभोग कमजोर पार्ने वा खारेज गर्ने;

४९. निजी क्षेत्रहरुको शिक्षा अधिकार र अन्य मानव अधिकारको सम्मान गर्ने दायित्व रहन्छ, देहायका कार्यद्वारा समेतः

क. उनीहरुको आफ्नै क्रियाकलापद्वारा शिक्षा अधिकारमा प्रतिकूल प्रभाव पार्न वा पार्न योगदान पुर्‍याउन बाट टाढा रहने, र त्यस्ता प्रभाव परेमा सम्बोधन गरेर परिपूर्ण प्रदान गर्ने;

ख. शिक्षा अधिकारमा पर्ने प्रतिकूल प्रभाव, जुन उनीहरुको सञ्चालन, उत्पादन, वा सेवासँग जोडिएका हुन्छन्, सो प्रभावमा उनीहरुको प्रत्यक्ष योगदान नभए पनि त्यसलाई रोक्न वा कम गर्न खोज्ने;

५०. जहाँ निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षाको उपलब्धता अभावको परिणामस्वरुप शिक्षाको निजी प्रबन्ध हुन्छ, राज्यले निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षामा विश्वव्यापी पहुँच विकास वा पुनःस्थापना गर्न प्रभावकारी ढंगले र सकेसम्म शीघ्र सबै प्रभावकारी उपाय अपनाउनुपर्छ । राज्यले त्यसो गर्दा, राज्यले तोकेको न्यूनतम मापदण्ड पूरा गर्न उनीहरुसँग निजी शैक्षिक संस्थाको साथ चाहिन्छ, र तिनलाई निश्चित प्रकृया अपनाएर परिपालनमा ल्याउने तथा मापदण्ड नपुगेका निजी शैक्षिक संस्था बन्द गर्नुपर्छ ।

**विस्तृत सिद्धान्त ४.** राज्यले शिक्षा अधिकारको सुनिश्चित गर्न सबै प्रभावकारी कदमहरु चाल्नुपर्दछ, विशेष गरी प्रभावकारी नियमक उपायहरुको अंगीकरण र कार्यान्वयन गर्नुपर्दछ जहाँ निजी क्षेत्रहरु शिक्षाको प्रावधानमा संलग्न छन् ।

५१. राज्यले शिक्षा अधिकारको  वोध सुनिश्चित गर्न सबै प्रभावकारी कदमहरु चाल्नुपर्दछ, विशेष गरी प्रभावकारी नियामक उपायहरुको अंगीकरण र कार्यान्वयन गर्नुपर्दछ जहाँ निजी क्षेत्रहरु शिक्षाको प्रावधानमा संलग्न छन् । यसमा निजी क्षेत्रहरुका ति क्रियाकलापहरु समावेश छन्, जुन राज्यको संलग्नता वा नियन्त्रणबिना वा अनौपचारिक वा गैरकानूनी तवरले सञ्चालन गर्छन् ।

५२. शिक्षामा संलग्न निजी क्षेत्रहरुले शिक्षा अधिकार हासिल गर्नमा भूमिका खेल्ने सुनिश्चित गर्न राज्यले निजी क्षेत्रहरुलाई सार्वजनिक सेवाको दायित्व पूरा गर्न यसरी लगाउनुपर्छ :

क. संस्थाको तहमा, सबै निजी  शैक्षिक संस्थामा प्रदान गरिने शिक्षा उपयुक्त मानव अधिकार कानून र शिक्षा अधिकार सम्बद्ध मापदण्डसँग मिल्दो छ ; र

ख. प्रणालीगत तहमा, शिक्षा अधिकारको उपभोगमा निजी शैक्षिक संस्थाको कुनै प्रतिकूल प्रभाव छैन ।

५३. राज्यले उपयुक्त मानव अधिकार कानून र मापदण्ड बमोजिम हुने गरी निजी शैक्षिक संस्थाको प्रभावकारी नियमन स्थापना गर्नैपर्छ। त्यस्तो नियमन मार्गदर्शक सिद्धान्तहरु निम्न उल्लेखित ५४ देखि ५७ मा व्याख्या गरिएका न्यूनतम मापदण्डहरु पालना गर्ने सुनिश्चित हुनुपर्छ र अन्य कुराका अलावा निम्न कुरा सुनिश्चित गर्नुपर्छः

क. कुनै निजी शैक्षिक संस्था वा निजी शैक्षिक संस्थाको संगठित समूह शिक्षा प्रणालीमा अनुचित प्रभाव पार्ने अवस्थामा हुनु हुँदैन, निजी शैक्षिक संस्थाको संख्या वा निजी प्रबन्धको सेयर सिमित पार्ने आवश्यक उपाय समेत अपनाउनुपर्छ, जबसम्म यो निजी शैक्षिक संस्था छान्ने र स्थापना गर्ने स्वतन्त्रतासँग मिल्दो हुन्छ ;

ख. त्यहाँ कुनै सार्वजनिक अधिकारीको स्वार्थको द्वन्द्व हुनु हुँदैन, जो शिक्षामा संलग्न निजी क्षेत्रलाई प्रभाव पार्ने स्थानमा छ; र

ग. निजी शैक्षिक संस्थाहरुका बजारीकरण, विज्ञापन, वा अन्य अभ्यासहरु भ्रममा पार्ने खाले हुनु हुँदैनन्।

***निजी शैक्षिक संस्थामा लागू हुने न्यूनतम मापदण्डहरु***

५४. राज्यले शिक्षा अधिकार संरक्षण गर्न आफ्नो नियामक प्रयासस्वरुप निजी शैक्षिक संस्थामा लागू हुने न्यूनतम मापदण्ड परिभाषित र कार्यान्वयन गर्नुपर्छ। यी मापदण्डको ढाँचा निर्माण र अंगीकरण सबै सरोकारवाला; बालबालिका र अन्य सिकारु, आमाबाबु वा कानूनी अभिभावक, समुदाय, शिक्षक र अन्य कर्मचारी, शैक्षिक युनियन, अन्य नागरिक समाज संगठन, र निजी शैक्षिक संस्था को संलग्नतामा सहभागितामूलक प्रकृयाद्वारा हुनपर्छ। यी मापदण्ड शिक्षा अधिकारको सम्मान, संरक्षण, र पालना गर्ने दायित्वसँग अमिल्दो कुनै उद्देश्यमा प्रयोग गर्नहुँदैन।

५५. न्यूनतम मापदण्डले तल उल्लेखित आयामहरु सम्बोधन गर्नुपर्छः

क. निजी शैक्षिक संस्थाको शासन, यसले समेट्ने विषयः

i. दर्ता र अनुमतिपत्रको लागि प्रकृया, र त्यसबाट फिर्ता हुने शर्त;

ii. राज्यमा प्रतिवेदन गर्ने आवश्यकता, जस्तै वित्तीय र सञ्चालनबारे वा गुणस्तर जानकारी;

iii. बालबालिका र अन्य सिकारु, आमाबाबु वा कानूनी अभिभावक, समुदाय, शिक्षक र अन्य कर्मचारी, शैक्षिक युनियन, अन्य नागरिक समाज संगठनको पूर्ण र प्रभावकारी सहभागिता;

iv. शिक्षा स्रोतहरुको व्यवस्थापन ;

v. शिक्षा पहुँचयोग्य छ भनेर सुनिश्चित गराउने राज्यको दायित्व र अधिक-ऋणभारको जोखिममा विशेष ध्यान पुर्‍याउँदै आवश्यक देखिएमा शिक्षण शुल्क र अन्य प्रत्यक्ष र अप्रत्यक्ष शुल्कको सिमा ;

vi. निजी शैक्षिक संस्थाको आन्तरिक र लागू हुने हकमा अन्तर्राष्ट्रिय प्रशासनिक तथा वित्तीय संरचना समेतको सूचनामा पहुँच र सोको पारदर्शीता; विद्यार्थीका लागि सबै सम्भावित शिक्षण शुल्क र अन्य शुल्क; शिक्षा स्रोतहरुको प्रयोग; पाठ्यक्रम र शिक्षण विधि तथा अभ्यास; उपस्थितीका शर्तहरु; संस्थाको कानूनी हैसियत र उत्पत्ती; तथा संस्थाका अन्य नीतिहरु; र

vii विद्यार्थीको प्रमाणीकरणको शर्त र पारदर्शीता।

ख. शैक्षिक र शिक्षण स्वतन्त्रताको सम्मान;

i. ग. विद्यार्थीको संगठन र स्वतन्त्रताको अधिकारको संरक्षण;

घ. शिक्षा अधिकारको उपभोगमा हुने सबै प्रकारका भेदभावविरुद्ध विद्यार्थीलाई संरक्षण, उपस्थिती, भर्ना, तथा सिकाइको अवस्था प्रत्यक्ष वा अप्रत्यक्ष रुपले विभेदकारी नभएको सुनिश्चित समेत गरी सबै विद्यार्थीको लागि समावेशी शिक्षा र समानताको प्रत्याभूती; र तिनको कमजोर, सिमान्तकृत, वा वञ्चित समूहको समानता र भेदभावविरुद्धको अधिकारमा परेको प्रभावलाई विशेष ध्यान दिने। त्यस्तो संरक्षणले गर्भवती बालिका, किशोरीआमाहरु, र १८ वर्षमूनिका विवाहित छात्राहरुलाई विद्यालयमा रहिरहन वा विद्यालयमा फर्किन सक्षम बनाइ समावेशी शिक्षामा उपस्थिति वा पुन-प्रवेशको प्रत्याभूती दिलाउनुपर्छ;

ङ. कर्मचारीको न्यूनतम व्यवसायिक योग्यता; तालिम, कार्य वातावरण, रोजगार र तलबको शर्त र अवस्था, तथा संघको स्वतन्त्रता र सामुहिक सौदावाजी सहितको श्रमको अधिकार; शैक्षिक संस्थाका नेतृत्व, शिक्षक र अन्य कर्मचारीको अवस्था, जुन उपयुक्त मानव अधिकार कानून र मापदण्डसँग मिल्दो हुनुपर्छ; पाठ्यक्रम, र शिक्षण विधि तथा अभ्यास, उपयुक्त मानव अधिकार कानून र मापदण्डको लागि सम्मान, विशेषगरी विचार, विवेक, र धर्मको स्वतन्त्रताको अधिकार, अल्पसंख्यक र आदिवासी जनताको अधिकार, साँस्कृतिक अधिकार, तथा शैक्षिक र शिक्षण स्वतन्त्रता। शिक्षाको स्वरुप र विषय मार्गदर्शक सिद्धान्त ८ मा उल्लेख भएबमोजिम स्वीकार्य,अनुकूलयुक्त, शिक्षाको उद्देश्यसँग मिल्दो हुनुपर्छ। राज्यले बालबालिकाको विश्राम, फुर्सद,खेल र मनोरञ्जनका क्रियाकलापमा रम्ने अधिकारको सम्मान गर्दै विशेषगरी पाठ्यक्रमभित्र बालबालिकाको लागि सिक्न, सहभागी हुन, तथा साँस्कृतिक, शारीरिक तथा कलाजन्य क्रियाकलाप विकास गर्न उपयुक्त समयको सुनिश्चितता गर्नुपर्छ;

च. विद्यार्थीको निलम्बन र निष्कासनको लागी कडा सिमाहरु, तोकिएको प्रकृया सुनिश्चित गरेर र त्यस्ता निलम्बन र निष्कासन तर्कसंगत र समानुपातिक हुनुपर्छ;

छ. अनुशासन तथा शारीरिक सजायमा निषेध;

ज. शुल्क तिर्न ढिला वा असमर्थ हुँदाको सन्दर्भमा विद्यार्थीको शैक्षिक अधिकारको संरक्षण;

झ. सुरक्षित सिक्ने वातावरणका लागि मापदण्ड, र सबै विद्यार्थी; बालिका, महिला, अपांगता भएका विद्यार्थीलाई अनुकूल हुने पूर्वाधार; सिकाई कक्षको आकार र सजावट, सरसफाइ र भान्साको सुविधा, फर्निचर, सामग्री, विपद् जोखिम व्यवस्थापन, तथा पाठ्यपुस्तकर शिक्षण सहायक सामग्री;

ञ. उचित आवासको प्रत्याभूती गर्ने दायित्वको आधारमा अपांगता भएका व्यक्तिको पहुँच समेत गरी पहुँचताबारे न्यूनतम आवश्यकताहरु, र संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै विद्यार्थीलाई अतिरिक्त शुल्क नलिने सुनिश्चितता;

ट. मनोसामाजिक सहायता सम्बन्धी मापदण्ड प्रदान सहित विद्यार्थीको शारीरिक, मानसिक स्वास्थ्य, सुरक्षा र कल्याण; स्वास्थ्य र सरसफाइ; र हिंसा, गाली तथा यौन दूराचारबाट विद्यार्थीलाई संरक्षण;

ठ. विद्यार्थी वा तिनका परिवारलाई धम्की, लज्जित हुने स्थिति (सेमिङ), तथा बदमाशी (बुलिइङ) बाट संरक्षण प्रदान गर्ने, विशेषगरी तिनलाई जसले संस्थाले अपेक्षा गरेको शैक्षिक मापदण्ड पूरा गर्न नसक्ने हुनसक्छन् र उनलाई जसले संस्थाको बारेमा प्रश्न उठाउन सक्छन्;

ड. विद्यार्थी, विशेषगरी बालबालिकालाई, संस्थाद्वारा हुने अत्याधिक बजारीकरण वा विज्ञापनबाट संरक्षण गर्ने;

ढ. गोपनियता र तथ्यांक संरक्षण, विशेषगरी कानूनको शासन र व्यक्तिगत तथ्याङ्क सम्बन्धी नैतिक अभ्यासप्रति सम्मानको सुनिश्चितता। राज्यले कुनै व्यक्तिगत तथा जैविक विवरण सहमतिबेगर संकलन गर्ने वा राखिराख्ने वा ब्यक्त सहमतिबेगर तेश्रो पक्षलाई शिक्षाबाहेक अन्य व्यापारिक, अध्यागमन वा सुरक्षाको उद्देश्यले बाँड्ने कार्य नहुने सुनिश्चित गर्नुपर्छ;

ण. गुणस्तरीय शिक्षा सुनिश्चित गर्न अधिकतम स्वीकार्य हुने शिक्षक/विद्यार्थी अनुपात; र

त. मानव अधिकार संरक्षणको लागि आवश्यक अन्य कुनै मापदण्ड।

५६. राज्यले आफ्नो शिक्षासम्बन्धी अधिकार प्रगतिशील रुपमा वोध गर्ने दायित्व ध्यानमा राख्दै निजी शैक्षिक संस्थाको लागि तय गरेका न्यूनतम मापदण्डमा तोकिएका आवश्यक पर्ने कुरामा क्रमिक रुपले बढाउँदै लग्नुपर्छ।

५७. न्यूनतम मापदण्ड राज्यको अग्रगामी दायित्वमा भर पर्छन्।

***गैर-शैक्षिक निजी क्षेत्रहरु***

५८. राज्यले शिक्षा अधिकार हासिल गर्न असर पार्न सक्ने गैर-शैक्षिक निजी क्षेत्रको नियमन गर्नुपर्छ, जसले गर्दा उनीहरुको क्रियाकलाप शिक्षा अधिकारलाई कमजोर पार्ने वा खारेज गर्नेतर्फ अग्रसर नहोस्; जस्तै विद्यार्थीको आवास प्रदानकर्ता, शैक्षिक ऋण प्रदान गर्ने वित्तीय संस्था, सार्वजनिक संस्थाको लागि जग्गा प्रदानकर्ता।

५९. राज्यले सार्वजनिक र निजी शैक्षिक संस्थामा व्यापारिक विज्ञापन र बजारीकरणलाई प्रतिबन्ध लगाउनुपर्छ, र पाठ्यक्रम र शिक्षण विधि तथा अभ्यासहरु व्यापारीक स्वार्थले प्रभावित नभएको सुनिश्चित गर्नुपर्छ।

*लागू गराउने*

६०. जहाँ निजी शैक्षिक संस्थाले स्थापित मापदण्ड र नियमको पालना गर्दैनन्, राज्यले तिनलाई सकेसम्म छोटोसमयमा पूरा गर्न बाध्य बनाउनुपर्छ। सरकारले पालना गर्नेलाई उपयुक्त सुझाव र सहायक सामग्री तथा व्यवस्थापन सहायता प्रदान गर्दै प्रोत्साहन गर्ने र पालना नगर्नेलाई जरिवाना तिर्न लगाउनुपर्छ। यी उपाय अपनाउँदा समेत निजी शैक्षिक संस्थाले मापदण्ड र नियमको पालना गर्दैनन् वा सक्दैनन् भने राज्यले निम्न कार्य गरेपश्चात प्रकृया पुऱ्याएर ती संस्था बन्द गराउनुपर्छः

क. शैक्षिक संस्थालाई पर्याप्त सूचना र मापदण्ड पालना गर्न उचित अवसर दिएर; र

ख. सबै प्रभावित विद्यार्थीको लागि शिक्षा अधिकार उपभोग गर्ने निरन्तरताको सुनिश्चित गरेर।

*वाह्य क्षेत्रीय व्यवस्था*

६१. राज्यले आफू नियमन गर्ने स्थानमा हुँदा, शिक्षामा संलग्न निजी क्षेत्रले ती सञ्चालित ठाउँमा शिक्षा अधिकारको उपभोगलाई कमजोर वा खारेज गर्दैनन् भन्ने सुनिश्चित गर्न सबै प्रभावकारी उपाय अपनाउनुपर्छ। उपायहरु प्रशासनिक, विधायिकी, अनुसन्धानात्मक, न्यायिक वा अन्य कुनै पनि हुन सक्छन्।

६२. राज्य शिक्षामा संलग्न निजी क्षेत्र भएको स्थानमा नियमन गर्न नसक्ने हुँदा पनि सोमा सार्वजनिक खरिद प्रणाली वा अन्तर्राष्ट्रिय कूटनीतिमार्फत् प्रभाव पार्नसक्ने अवस्थामा हुन्छ भने शिक्षा अधिकारको संरक्षण गर्न संयुक्त राष्ट्रसंघको वडापत्र तथा सामान्य अन्तर्राष्ट्रिय कानूनसम्मत हुनेगरी त्यस्तो प्रभावको अभ्यास गर्नुपर्छ।

६३. शिक्षा अधिकार हासिल गर्न आवश्यक पर्ने शिक्षाको लागि अन्तर्राष्ट्रिय सहायता र सहयोग को उद्देश्य समेत प्रापक राज्यको मानव अधिकार दायित्वसँग संगत हुने गरी शिक्षामा संलग्न निजी क्षेत्रको नियमन सवल बनाउने हुनुपर्छ।

# ४. वित्त व्यवस्थापन

**विस्तृत सिद्धान्त ५.** राज्यले निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षाको कोष र प्रावधानलाई प्राथमिकता दिनुपर्दछ र केवल योग्य निजी शैक्षिक संस्थाहरुलाई मात्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कर कटौती, जग्गासुविधा, अन्तर्राष्ट्रिय सहयोग र सहकार्य, वा अप्रत्यक्ष सहयोगका अन्य रुपहरु मार्फत वित्तीय सहयोग गर्नुपर्दछ, यदि तिनीहरुले उपयुक्त मानव अधिकार कानून र मापदण्डहरु र सबै ठोस, प्रकृयागत र परिचालनका आवश्यकताहरुको कडाइका साथ पालना गर्दछन्।

६४. शिक्षा अधिकारले निजी शैक्षिक संस्थालाई कोष उपलब्ध गराउन राज्यको दायित्व समेट्दैन। राज्यले निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षाको कोष र प्रावधानलाई प्राथमिकता दिनुपर्दछ र केवल योग्य निजी शैक्षिक संस्थाहरुलाई मात्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कर कटौती, जग्गाको सुविधा, अन्तर्राष्ट्रिय सहायता र सहयोग, वा अप्रत्यक्ष सहयोगका अन्य रुपहरु मार्फत वित्तीय सहयोग गर्नुपर्दछ, यदि तिनीहरुले लागू हुने मानव अधिकार कानून र मापदण्डहरु र तल पहिचान गरिएका सबै सारभूत, प्रकृयागत र परिचालनका आवश्यकताहरुको कडाइका साथ पालना गर्दछन् भने।

*सारभूत आवश्यकताहरु*

६५. योग्य निजी शैक्षिक संस्थाको लागि कुनैपनि सम्भावित सार्वजनिक कोषले सहयोग गर्न तल उल्लेखित सबै सारभूत आवश्यकताहरु पूरा गर्नुपर्छः

क. यो एक समयबद्ध उपाय हो, जुन राज्यले शिक्षा अधिकार हासिल गर्ने एकमात्र प्रभावकारी विकल्पको सार्वजनिक रुपमा वर्णन गर्छ, जसमा तल उल्लेखित कार्यसमेत समावेश हुन्छन्;

i. व्यक्तिहरुको लागि अल्पकालिन शिक्षाको पहुँच, जहाँ निःशुल्क, गुणस्तरीय शिक्षा अधिकार हासिल गर्न अरु कुनै तात्कालिक विकल्प नभएको राज्यले सार्वजनिक वर्णन गर्छ;

ii. साँस्कृतिक विविधताको लागि सम्मान प्रवर्द्धन र साँस्कृतिक अधिकारको वोधको सुनिश्चितता, जहाँ यो समावेशी शिक्षा अधिकारसम्मत हुन्छ;

iii. पहिले स्वतन्त्र रुपमा सञ्चालित निजी शैक्षिक संस्थाको सार्वजनिक शिक्षा प्रणालीमा एकिकरण गर्न सहजता प्रदान गर्नु; वा

iv. शिक्षण दृष्टिकोण र विषयवस्तुको विविधताको परिक्षण गर्ने वा आवश्यकताको सम्बोधन गर्ने, जुन राज्यले सार्वजनिक शैक्षिक संस्थामा द्रुत रुपले प्राप्त नहुने सार्वजनिक वर्णन गर्छ।

ख. यसले राज्यले आफ्नो उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ शिक्षा अधिकार हासिल गर्ने राज्यको दायित्व सम्बन्धमा सबैभन्दा प्रभावकारी ढंगले र सकेसम्म शिघ्र सार्वजनिक शिक्षा प्रणालीको विकासमा किटान गर्न सकिने प्रतिकूल प्रभाव वा ढिलाइको जोखिम सिर्जना गर्दैन;

ग. यसले विशेषगरी सार्वजनिक शिक्षा प्रणालीमा मापदण्ड कम पार्दै सार्वजनिक स्रोतमा अस्वीकार्य र अग्रगामी उपायको लागि कुनै दिशान्तरण ल्याउँदैन;

घ. यसले शिक्षा प्रणालीको व्यापारीकरणमा सहयोग वा योगदान पुऱ्याउँदैन;

ङ. यसले कोष उपलब्ध गराइएका निजी शैक्षिक संस्थाले शिक्षा प्रणालीमा अभ्यास गर्नसक्ने अनुचित प्रभाव वा शिक्षा अधिकार कमजोर पार्नेगरी शिक्षा प्रणालीमा खेल्ने सारभूत भुमिकाको किटान गर्न सकिने जोखिम सिर्जना गर्दैन;

च. यसले विभेद, समानता र खण्डिकरण सम्बन्धित दायित्वप्रति विशेष ध्यान दिँदै शिक्षा अधिकारमा अन्य कुनै प्रणालीगत प्रभावको किटान गर्न सकिने जोखिम सिर्जना गर्दैन।

***कार्यविधिगत आवश्यकताहरु***

६६. योग्य निजी शैक्षिक संस्थाको लागि सम्भावित सार्वजनिक कोषको वितरणगर्दा निम्न उल्लेखित सम्पूर्ण कार्यविधिगत आवश्यकताहरु पूरा गर्नुपर्छः

क. कोषको विचार गर्नुअघि तलका ख देखि घ सम्मका नियमहरु साथै आवश्यक प्रक्रिया, नियम र विधि सम्बोधन गर्ने उपयुक्त नियमनकारी ढाँचा अगाडी ल्याउनुपर्छ;

ख. कोष निर्धारण गर्नु अघिः

i. त्यहाँ बालबालिका र अन्य शिक्षार्थी, आमाबाबू वा कानूनी अभिभावक, समुदाय, शिक्षक तथा कर्मचारी, शिक्षक युनियन र अन्य नागरिक सामाजिक संगठनहरु सहित सरोकारवाला सबैको पूर्ण र प्रभावकारी सहभागिताको लागि सार्थक अवसर समावेश भएको सहभागितामूलक, समावेशी, पारदर्शी र जवाफदेही परामर्श प्रक्रिया हुन्छ;

ii. राज्यले त्यस्तो कोषद्धारा सबै सारभूत, कार्यविधिगत तथा अन्य आवश्यकताहरु पूरा गर्ने सार्वजनिक रुपमा वर्णन गर्छ; र

iii. राज्यले निजी शैक्षिक संस्थाको लागि लागू हुने मापदण्ड पूरा गर्न निरन्तर अनुगमन र नियमन गर्ने आफ्नो क्षमता र चाहनाको सार्वजनिक रुपमा वर्णन गर्छ;

ग. कोषको विनियोजन प्रक्रिया पारदर्शी र विभेदरहित हुन्छ; र

घ. कोषको व्यवस्था त्यो तरिकाले गरिएको हुन्छ जहाँ निजी शैक्षिक संस्थाको भूमिका राज्यमा फिर्ता वा हस्तान्तरण गर्ने अभ्यास गर्न सम्भव होस्।

*सञ्चालनगत आवश्यकताहरु*

६७. यदि योग्य निजी शैक्षिक संस्थाले सार्वजनिक कोष प्राप्त गर्छ भने, त्यो संस्थामा लागू हुने मापदण्ड र नियमले कम्तिमा सार्वजनिक शैक्षिक संस्थामा लागू भएजस्तै शैक्षिक, श्रमजन्य, र अन्य सम्बन्धीत मापदण्ड लागू गराउनुपर्छ, जसमा कार्य वातावरणको प्रभावकारी संरक्षण र रोजगारी, श्रमअधिकार र युनियन अधिकारका शर्तसमेत पर्छन् ।

६८. निजी शैक्षिक संस्थाको लागि व्यवस्था गरेको कोष पुष्टि गर्न तय गरेको शिक्षा सेवाका कुनै पक्ष प्रदान वा व्यवस्था गर्न असमर्थ भएमा राज्यले त्यसलाई हटाउन प्रभावकारी ढंगले र सकेसम्म शीघ्र सबै प्रभावकारी उपाय अपनाउनुपर्छ । त्यसो गर्दा राज्यले आफ्नो शिक्षा अधिकारको दायित्व पूरा गर्न राज्यको क्षमता विरुद्ध त्यो कोषले जोड दिने र नियमित पुनः मुल्यांकन हुने सुनिश्चित गराउनुपर्छ । यस्तो कोषको स्विकृतिले राज्यको अक्षमता पुष्टिहुनेहुँदा कोषको सुरुवातको योजनादेखि समाप्तीसम्म समाविष्ट हुनुपर्छ ।

६९. योग्य निजी शैक्षिक संस्थाको कुनै सार्वजनिक कोष मानव अधिकार प्रभावको पूर्व, निरन्तर र अन्तिम मूल्यांकनमा आधारित हुनुपर्छ, जुन सार्वजनिक गरिन्छ, तथा त्यो मूल्यांकन कोषको शिक्षा अधिकार हासिलमा योगदानको निरन्तर पुनःमुल्यांकन गर्न प्रयोग गरिन्छ, र यदि आवश्यक भएमा कोषलाई परिवर्तन गरिन्छ वा टुङ्ग्याइन्छ । मूल्यांकनले अल्पकालिन र दीर्घकालीन रुपमा प्रत्येक संस्थाको व्यक्तिगत र प्रणालीगत प्रभाव जाँच्नुपर्छ, र बालबालिका र अन्य विद्यार्थी, आमाबाबू वा कानूनी अभिभावक, समुदाय, शिक्षक तथा गैर-शिक्षक कर्मचारी, शिक्षक युनियन, र अन्य नागरिक सामाज संगठनहरु सहित सरोकारवाला सबैलाई सहभागिता गराउनुपर्छ ।

७०. राज्यले कोषको निरन्तरताको शर्त आवश्यक मापदण्ड पूरा हुनुलाई बनाउनुपर्छ, र मापदण्ड पूरा नभएमा शिक्षा अधिकारको निरन्तर उपभोग सुनिश्चित गर्दै पूर्वाग्रहबिना राज्यले कोष फिर्ता गर्न सबै सम्झौताले अनुमति दिने सुनिश्चित हुनुपर्छ । यदि कोषले सार्वजनिक शिक्षा प्रणालीको विकास सहित शिक्षा अधिकारको प्राप्तिलाई कमजोर वा खारेज गर्छ भने राज्यले सार्वजनिक कोष फिर्ता गर्नुपर्छ ।

७१. मानव अधिकार प्रभाव मूल्यांकन, नियमन, र राज्यका अन्य आवश्यकताको लागतलाई कोष प्रबन्धको खर्चको मूल्यांकनको हिस्साको रुपमा लिनुपर्छ, यसो गर्दा राज्यको सबैको लागि उपलब्ध स्रोतहरुको अधिकतम उपयोगका साथ उच्चतम प्राप्त गर्न सकिने गुणस्तरको शिक्षा निःशुल्क प्रदान गर्ने दायित्वमा पर्याप्त ध्यान दिनुपर्छ ।

७२. राज्यले सार्वजनिक कोष प्राप्त गर्ने सबै निजी शैक्षिक संस्थाले उपलब्ध शैक्षिक प्रणाली सुधार्न सघाउने सबै स्वामित्वको तथ्यांक र सामग्री बनाइ कानूनले तोकेको उपयुक्त समयमा बिना कुनै प्रमाणपत्र सम्बन्धित सरकारी अधिकारीसमक्ष उपलब्ध गराउँछन् । यसले कक्षाकोठा तथा व्यवस्थापन प्रणाली दुवैमा प्रयोग हुने प्रविधिलाई समेट्छ । यो विशेषगरी विद्यार्थी र शिक्षकको गोपनियताको अधिकारको सम्मान गर्दै तथा कुनै वैज्ञानिक, साहित्यिक, वा कलाजन्य उत्पादनको सर्जक भएकोमा उनीहरुको नैतिक तथा भौतिक हितको संरक्षणबाट हुने लाभको अधिकार समेतको सम्मान गर्नुपर्छ ।

*अयोग्य संस्थाहरु*

७३. कुनै पनि त्यस्ता निजी शैक्षिक संस्थालाई राज्यले कोष उपलब्ध गराउने वा सहायता दिने गर्नहुँदैन, जसलेः

क. समानता र विभेद रहितको अधिकारको दूरुपयोग गर्ने, विभेदकारी हुने; विद्यार्थी, परिवार, वा समुदाय, लिंग, अपांगता, वा अन्य कुनै प्रतिबन्धितको आधारमा वा सामाजिक-आर्थिक वञ्चितिका आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विद्यार्थीको छनौट वा निष्काशन गर्ने;

ख. व्यापारिक र आफ्नै स्वार्थको लागी लागिपर्ने;

ग. शिक्षाको पहुँच सारभूत रुपमा कमजोर पार्नेगरी शुल्क लिने;

घ. निजी शैक्षिक संस्थामा लागू हुने कुनैपनि न्यूनतम मापदण्ड, वा अन्य लागू हुने मानव अधिकार कानून वा मापदण्ड पूरा नगर्ने वा पर्याप्त गुणस्तर नभएको;

ङ आफ्नो देशको वा अन्तर्राष्ट्रिय वित्तीय सम्बन्धी सबै दायित्व अनुपालन नगर्ने; वा

च. शिक्षा अधिकारको उपभोगमा प्रतिकूल प्रणालिगत प्रभाव पार्न योगदान गर्ने वा अन्य कुनै तरिकाले मानव अधिकार हासिल गर्नमा कमजोर पार्ने गर्दछ ।

७४. राज्यले कुनै निजी शैक्षिक संस्थासँग गरेको सम्झौताले शिक्षा अधिकार उपभोगमा प्रतिकूल प्रभाव नपार्ने सुनिश्चित गर्न खरिदसम्बन्धी नियम तथा अन्य उपयुक्त नियमको सम्मान गर्नुपर्छ।

**विस्तृत सिद्धान्त ६.** अन्तर्राष्ट्रिय सहयोग र सहकार्य जहाँ प्रदान गरिएको छ, त्यहाँ निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रणालीको निर्माणलाई सुदृढ गर्नुपर्दछ र मानव अधिकारसँग नमिल्दा निजी शैक्षिक संस्थाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नबाट रोक्नुपर्दछ।

७५. अन्तर्राष्ट्रिय सहयोग र सहकार्य जहाँ सम्बन्धित अधिकारधारकहरुसँग को परामर्श र प्रापक देशको साझेदारीमा प्रदान गरिएको छ, त्यहाँ निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रणालीको निर्माणलाई सुदृढ गर्नुपर्दछ। प्रत्येक चरणको विकास आयोजनामा मानव अधिकारहरु सम्मानीत, संरक्षीत र पालना भएको सुनिश्चित गर्न हरेक कोसिस गर्नुपर्छ। यसतर्फ, निष्पक्ष र स्वतन्त्र मूल्यांकन प्रणाली स्थापित हुनुपर्छ।

७६. शिक्षामा अन्तर्राष्ट्रिय सहयोग र सहकार्य प्रदान गर्ने राज्य सम्बन्धित अन्तर्राष्ट्रिय संगठनले मानव अधिकारसँग नमिल्दा निजी शैक्षिक संस्थाहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नबाट रोक्नुपर्दछ।

७७. शिक्षा अधिकार उपभोगमा कमजोर पार्ने वा खारेज गर्ने क्रियाकलाप रोक्ने दायित्व निजी क्षेत्रसँग हुन्छ। शिक्षामा सहायता गर्नेहरुसँग उनीहरुले प्रदान गर्ने सहयोग उपयुक्त मानव अधिकार कानून र मापदण्ड साथै बालबालिका संरक्षण नीतिसँग मिल्ने भएको सुनिश्चित गर्ने दायित्व हुन्छ। निजी क्षेत्रले आफ्नो अधिकार क्षेत्र भित्र प्रदान गर्ने शैक्षिक सहायताले मानव अधिकार प्राप्तिलाई कमजोर वा खारेज गर्दैन भन्ने सुनिश्चित गर्न राज्यले तिनको नियमन गर्नुपर्छ।

७८. यदि अन्तर्राष्ट्रिय सहायता र सहयोग वा अन्य सहायता मार्फत् राज्य, अन्तर्राष्ट्रिय संगठन वा अन्य निजी क्षेत्रले प्रापक राज्यलाई पहिले शुल्क लगाउने वा वृद्धि गर्ने वा सार्वजनिक वा निःशुल्क शिक्षाको कोष फिर्ता जस्ता अस्विकार्य कदम जुन राज्यको मानव अधिकार दायित्वसँग मेल खाँदैनन्, त्यस्ता कदम चाल्न बाध्य पार्ने, प्रोत्साहन गर्ने वा योगदान पुऱ्याउने गरेका छन् भने उनीहरुले यो परिस्थितिमा यथाशीघ्र सुधार खोज्नुपर्छ।

७९. यदि प्रापक राष्ट्रमा निजी शैक्षिक संस्थाको विकासले शिक्षा अधिकारको उपभोगमा प्रतिकूल प्रभाव पारेको छ भने सो राष्ट्रमा अन्तर्राष्ट्रिय सहायता र सहयोग प्रदान गर्ने राज्यले त्यो अवस्था सुधार्न सबै प्रभावकारी कदम अपनाउनुपर्छ। यसमा सो राष्ट्रलाई शिक्षामा निजी संलग्नतासँग सम्बन्धित मापदण्ड र नियम, जुन उपयुक्त मानव अधिकार र मापदण्ड अनुसार हुन्छन्, ति लागू गराउन सघाउँदै प्रापक राज्यमा प्रभावकारी ढंगले र सकेसम्म शीघ्र निःशुल्क, गुणस्तरीय सार्वजनिक शिक्षाको पहुँच विकास वा पुनःस्थापना गर्ने उपाय समाविष्ट छन्। यो प्रापक राज्यको आन्तरिक तवरले शिक्षा अधिकारको सम्मान, संरक्षण, र पालना गर्ने दायित्वप्रति पूर्वाग्रह रहित हुन्छ।

# ५. जवाफदेहिता, अनुगमन र उपचार

**विस्तृत सिद्धान्त ७.** राज्यले शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्ने साथै निजी क्षेत्रहरुको शिक्षामा संलग्नताको परिप्रेक्षमा आफ्नो दायित्वका लागि आफू जवाफदेही रहने कुरा सुनिश्चित गर्न पर्याप्त संयन्त्र कायम राख्नु पर्दछ।

८०. राज्यले शिक्षा अधिकारको सम्मान, संरक्षण र पालना गर्नेसाथै निजी क्षेत्रहरुको शिक्षामा संलग्नताको परिप्रेक्षमा आफ्नो दायित्वका लागि आफू जवाफदेही रहने कुरा सुनिश्चित गर्न पर्याप्त संयन्त्र कायम राख्नु पर्दछ। जवाफदेहिता तल उल्लेखित माध्यमबाट सुनिश्चित गर्नुपर्छ;

क. न्यायिकको अर्थ, राष्ट्रिय, क्षेत्रीय, वा विश्वव्यापी तहमा अपराधी, नागरिक, वा प्रशासनिक दायित्व र कार्यान्वयन गर्ने समेत; र

ख. अर्ध-न्यायीक वा गैर-न्यायीकको अर्थ संसदीय पर्यवेक्षण, पेरिस सिद्धान्त बमोजिम सञ्चालित राष्ट्रिय मानव अधिकार संस्थाद्वारा

अनुगमन, नागरिक समाज संगठन वा अन्य घरेलू मानव अधिकारप्रति अनुपालक अर्ध-न्यायीक संरचना हुन् ।

**विस्तृत सिद्धान्त ८.** राज्यले सार्वजनिक र निजी संस्थाहरुको शिक्षा अधिकारको अनुपालनमाथि नियमित रुपमा अनुगमन गर्नुपर्दछ र सो अधिकारसँग सम्बन्धित सबै सार्वजनिक नीति र अभ्यासहरु मानव अधिकारका सिद्धान्तहरु सम्मत छन् भन्ने सुनिश्चित गर्नुपर्दछ।

८१. राज्यले मानव अधिकार सिद्धान्त जस्तै सहभागिता, पारदर्शिता, सूचनामा पहूँच, समावेशिता, र विभेद रहितका सिद्धान्तको अनुपालनसहित शिक्षा अधिकारको अनुपालनमाथि नियमित रुपमा अनुगमन गर्नुपर्दछ।

८२. त्यस्तो अनुगमनको नतिजा सार्वजनिक गरिनुपर्छ र मानव अधिकार अनुपालनमा फरक भएमा कानून, नीति, वा अभ्यासमा आवश्यक सुधार गर्न लक्षित हुनुपर्छ।

***सार्वजनिक शिक्षाको अनुगमन***

८३. राज्यले प्रभावकारी, निष्पक्ष, र पर्याप्त स्रोतसहितको अनुगमन प्रणाली स्थापित समेत गरेर आफ्नो घरेलु तथा अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व अनुपालनको लागि सार्वजनिक शिक्षा मूल्यांकन गर्नुपर्छ। उनीहरुले सार्वजनिक शिक्षामा पारदर्शिता प्रत्याभूति गर्न र सार्वजनिक शिक्षासम्बन्धी निर्णय-निर्माणमा प्रभावकारि सहभागिता प्रदान गर्न पनि जनतामा आवश्यक सूचना प्रदान पर्छ।

***निजी संलग्नताको परिप्रेक्षमा अनुगमन***

८४. राज्यले शिक्षामा संलग्न निजी क्षेत्रलाई उपयुक्त मापदण्ड र नियम, जसमा मार्गदर्शक सिद्धान्तहरु ५४ देखि ५७ सम्ममा उल्लेख गरेका न्यूनतम मापदण्ड समेत गरी, अनुपालन गरेको र शिक्षा अधिकारको सम्मान गर्ने तिनीहरुको दायित्व पूरा गरेको सुनिश्चित गर्न पर्याप्त स्रोतसहित प्रभावकारी अनुगमन गर्न उपयूक्त संयन्त्रको स्थापना र सञ्चालन गर्नुपर्छ।

८५. अनुगमनको पाटोको रुपमा राज्यले शिक्षा अधिकारको उपभोगमा निजी शैक्षिक संस्थाको प्रभाव मूल्यांकन गर्न निरन्तर तथ्यांक संकलन र विश्लेषण गर्नुपर्छ। त्यस्तो मूल्यांकनले तल उल्लेखित दुवै जाँच गर्नुपर्छ :

क. अल्पकाल र दीर्घकालमा निजी शैक्षिक संस्थाको प्रणालीगत असर, शिक्षा अधिकारको उपभोगमा पर्ने वास्तविक र सम्भावित प्रभावको मूल्यांकन; र

ख. मानव अधिकार प्राप्तिमा प्रभाव, जसमा निजी शैक्षिक संस्थाले आफ्ना क्रियाकलापमार्फत असर वा योगदान पुऱ्याउन सक्छन् ।

८६. त्यस्तो मूल्यांकनः

क. नियमित, निजी शैक्षिक संस्थाको क्रियाकलाप र सञ्चालन सन्दर्भ विकास भएअनुसार शिक्षा अधिकारको प्राप्तिमा पर्ने प्रभाव परिवर्तन हुनसक्ने पहिचान गर्ने;

ख. सहभागितामूलक र बालबालिका र अन्य विद्यार्थी, आमाबाबू वा कानूनी अभिभावक, समुदाय, शिक्षक तथा कर्मचारी, शिक्षा युनियन, र अन्य नागरिक समाज संगठनहरु सहित सरोकारवाला सबैलाई संलग्न गर्ने; र

ग. सार्वजनिक रुपमा उपलब्ध गर्ने, हुनुपर्छ।

८७. यो मूल्यांकनको नतिजाले निजी शैक्षिक संस्थाको संलग्नताले शिक्षा अधिकार प्राप्तिलाई कमजोर वा खारेज गर्दैन, बरु सघाउँछ भन्ने सुनिश्चित गर्न राज्यले व्यवस्था गरेका नीति र नियमको जानकारी गराउँछ। यसले प्रतिकूल प्रभावलाई कसरी सम्बोधन गरेको छ वा सम्बोधन गर्नेछ भनी उल्लेख गरेर राज्यले नियमित प्रतिवेदनहरु प्रकाशन गर्नुपर्छ।

**विस्तृत सिद्धान्त ९.** राज्यले शिक्षा अधिकारको उल्लंघन र शिक्षामा संलग्न निजी क्षेत्रबाट हुन सक्ने कुनै पनि मानव अधिकार दुरुपयोगका लागि प्रभावकारी समाधानको पहुँच सुनिश्चित गर्नुपर्दछ।

८८. राज्यले शिक्षा अधिकारको उल्लंघनका लागि प्रभावकारी समाधानको पहुँच सुनिश्चित गर्नुपर्दछ, जसमा राज्य असफल हुने निम्न उल्लेखित कुरा समेत पर्छन् :

क. निःशुल्क, गुणस्तरीय, सार्वजनिक शिक्षा प्रदान गर्ने आफ्नो दायित्व पूरा गर्ने; वा

ख. निजी क्षेत्रलाई शिक्षा अधिकारको उपभोगमा हस्तक्षेप गर्नबाट रोक्ने।

८९. राज्यले शिक्षामा संलग्न निजी क्षेत्रद्वारा हुने मानव अधिकार दूरुपयोगका लागि अधिकार र प्रभावकारी समाधानको पहुँच खोजी गर्न सबल हुनेगरी तात्कालीन, पहुँचयोग्य, प्रभावकारी, कार्यविधिगत रुपले निष्पक्ष र स्वतन्त्र रुपमा गुनासो सुन्ने र समाधान गर्ने सयन्त्रको सुनिश्चित गर्नुपर्छ, जसमा आवश्यकता अनुसार न्यायीक उपचार, अधिकारबाहक वा अन्य सरोकारवाला जस्तै सार्वजनिक हित समूहलाई सबल बनाउने कार्य समेत पर्छन्। यी गुनासो सुन्ने र समाधान गर्ने संयन्त्र राज्य र निजी क्षेत्र दुवैले आफ्नो क्षमताभित्र रहेर प्रदान गर्ने सुनिश्चित गर्नुपर्छ। शिक्षा अधिकारको दूरुपयोग गर्ने निजी क्षेत्रलाई परिपुर्ण भर्न लगाउनुपर्छ।

९०. जहाँ शिक्षामा निजी क्षेत्रको संलग्नताले प्रतिकूल प्रभाव सिर्जना भएका हुन्छन्, र राज्यले तिनलाई पर्याप्त मात्रामा सम्बोधन गर्न सक्दैन, राज्यले आफूविरुद्ध अनुपालनका लागि उपायहरु उपलव्ध छन् भन्ने सुनिश्चितता गराउनुपर्छ।

# ६. मार्गदर्शक सिद्धान्तहरुको कार्यान्वयन र अनुगमन

**विस्तृत सिद्धान्त १०.** राज्यले सबै उपयुक्त माध्यमद्वारा, आवश्यक पर्दा कानूनी र बजेटरी सुधार समेत लागू गर्ने गरी यी मार्गदर्शक सिद्धान्तहरुको प्रभावकारी कार्यान्वयनको प्रत्याभूति गर्नुपर्दछ।

९१. राज्य, जसमा व्यवस्थापिका, न्यायालय, र कार्यकारी शाखाहरु समेत पर्छन्, ले सबै उपयुक्त माध्यमद्वारा, आवश्यक पर्दा कानूनी र बजेटरी सुधार समेत लागू गर्ने गरी यी मार्गदर्शक सिद्धान्तहरुको प्रभावकारी कार्यान्वयनको प्रत्याभूति गर्नुपर्दछ। राज्यहरुले घरेलू, क्षेत्रीय, र विश्वव्यापी शैक्षिक र विकास योजना, कानून, र नीति निर्माण र कार्यान्वयन गर्दा यी मार्गदर्शक सिद्धान्त लागू गर्नुपर्छ, र तिनको कार्यान्वयनका लागि आवश्यक मानवीय, प्राविधीक, र वित्तीय स्रोतहरु समर्पण गर्नुपर्छ।

९२. राज्यहरुले शिक्षा अधिकारको सम्मान, संरक्षण, र पालना गर्ने आफ्नो प्रयासस्वरुप यी मार्गदर्शक सिद्धान्तहरुको कार्यान्वयको लागि अनुगमन गर्नुपर्छ र प्रभावकारी जवाफदेही संयन्त्रको व्यवस्था गर्नुपर्दछ।

९३. राज्यले यी मार्गदर्शक सिद्धान्तहरु सबै सम्बन्धित निकाय, विशेषगरी शैक्षिक संस्थामा, सबै सम्बन्धित भाषा र स्वरुपमा वितरण गरेर पहुँचता र कार्यान्वयनमा सघाउनु पदर्छ। राज्यले आवश्यकताअनुसार सम्बन्धीत कर्मचारीहरु र शैक्षिक संस्थाहरुलाई लक्षित तालिम समेत प्रदान गर्नुपदर्छ।

९४. राज्यले यि मार्गदर्शक सिद्धान्तहरुको प्रसार र कार्यान्वयनको अनुगमन गर्न संयुक्त राष्ट्रसंघको सिद्धान्तबमोजिम राष्ट्रिय संस्थाको हैसियत राख्ने राष्ट्रिय मानव अधिकार निकायको पहिचान, त्यससँग सहकार्य तथा त्यसको आधारभूत भूमिकाको प्रवर्द्धन गर्नुपर्छ, साथै नागरिक समाजका निजी क्षेत्रसँग समेत सहकार्य गर्नुपर्छ।

९५. राज्यले शिक्षा अधिकारको उपभोगमा प्रभाव पार्ने नीतिगत क्षेत्रमा समानता सुनिश्चित गर्नुपर्छ, विशेषगरी सबै सरकारी कार्यालय, निकाय, तथा सबै तहका राज्यका अन्य निकायहरु जसको शिक्षा नीतिमा भूमिका रहन्छ र आफ्ना जिम्मेवारी पूरा गर्दैगर्दा राज्यका मानव अधिकार दायित्व र यी मार्गदर्शक सिद्धान्तप्रति सचेतपूर्वक सुपरिवेक्षण सुनिश्चित गर्नुपर्छ।

*अन्तर्राष्ट्रिय संगठनहरु*

९६. अन्तर्राष्ट्रिय संगठनहरुले, अन्यका अलावा, सामान्य अन्तर्राष्ट्रिय कानून र आफू पक्ष रहेका अन्तर्राष्ट्रिय सम्झौता अन्तर्गतका शिक्षा अधिकार सम्बन्धी दायित्व पूरा गर्नुपर्दछ। उनीहरुले आफ्ना क्रियाकलाप यी मार्गदर्शक सिद्धान्तसँग समानता हुने सुनिश्चित हुनुपर्छ।

९७. संयुक्त राष्ट्रसंघका विशिष्टिकृत संस्थाहरु, क्षेत्रीय संगठनहरु, र अन्य विकासका निजी क्षेत्रहरुलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानून अन्तर्गतका मानव अधिकार दायित्वको साथै यी मार्गदर्शक सिद्धान्तको कार्यान्वयनमा सहयोग पुर्‍याउन प्रोत्साहित गरिन्छ। त्यस्तो सहयोगमा प्राविधिक सहयोग, वित्तीय सहायता, संस्थागत क्षमता विकास, र ज्ञान बाँड्ने काम पर्नसक्छन्।

# नोट

## शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई नेपाल)

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल देशका विभिन्न ४०९ राष्ट्रिय /अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शिक्षक संगठन, शिक्षामा क्रियाशील संचार माध्यमहरु तथा अन्य समुदाय स्तरमा परिचालित संघसंस्थाहरुको एक राष्ट्रिय सञ्जाल हो। सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने र प्रत्येक नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ सन् २००३ मा शिक्षाका लागि विश्वव्यापी अभियान नेपाल च्याप्टरको रुपमा आफ्नो यात्रा सुरुवात गरेको यस अभियानले गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा सुनिश्चित गर्नका लागि स्थापनाकालदेखि नै काम गर्दै आइरहेको छ। एनसिई-नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नका लागि आवाज विहीनहरुको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो। समतामूलक समाज निर्माणको आधारको रुपमा शिक्षा अधिकारलाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खवरदारी एवम् साझेदारी गर्दै शिक्षाको नागरिक सञ्जालको रुपमा यो संस्था निरन्तर अगाडि बढीरहेको छ। एनसिई-नेपाल आफ्ना सदस्यहरु बीच विभिन्न अनुभव आदानप्रदान गर्दै उनीहरुका साझा मुद्दा र अभियानमा हातेमालो गर्ने एउटा विशिष्ट मञ्चका रुपमा विकसित भइरहेको छ।

## दूर दृष्टि (Vision)

शिक्षाका माध्यमबाट प्रत्येक नागरिकको सशक्तीकरण गर्दै समातामूलक, समावेशी र शान्तिपूर्ण समाजमा आफ्नो सर्वोपरी हितका निमित्त क्रियाशील रहने।

## परिकल्पना (Mission)

शिक्षा क्षेत्रको नीतिगत विकास र कार्यान्वयनको अवस्थालाई सुदृढ गर्न दवाब समूहको रुपमा कार्य गर्दै तथा नियमन गर्दै सीमान्तकृत, विपन्न र अवसरबाट वञ्चित बालबालिका, युवा एवम् प्रौढ समुदायको सशक्तीकरणका लागि अध्ययन अनुसन्धान, नीतिगत पैरवी, सरोकारवालाको क्षमता र ऐक्यवद्धता अभिबृद्धि, सञ्जालीकरण, सूचना प्रवाह र स्रोत परिचालन लगायतका कार्यमा सहजीकरण गर्ने।

## गन्तव्य (Goal)

प्रत्येक बालबालिका, युवा र प्रौढको निःशुल्क, अनिवार्य, समावेशी, समातामूलक र गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गराउने।

थप जानकारीका लागि


शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७–१–६२०३००९, ०१–४२२३४२०
पो.ब.नं. १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np